# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७८ | काठमाडौं | शुक्रबार, २६ असार २०८३ | Prabhab National Daily | Friday, 10 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सुकुमबासीलाई बिचल्ली पार्दै सरकार



- असार ९ यता भूमीहीनलाई होल्डिङ सेन्टर छाड्न सरकारले निरन्तर दबाब बढाउँदै खाना र पानीसमेत बन्द गराइएको छ
- काठमाडौंका सुकुमबासीलाई हटाएको सरकारले बार्दिया बढैयातालका २९ जना भूमीहीनलाई भने लालपुर्जा वितरण गरिसकेको छ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैशाख १२ गते काठमाडौंका विभिन्न सुकुमबासी बस्तीबाट हटाइएका भूमीहीनलाई तीन महिना पूरा हुन लाग्दासमेत सरकारले व्यवस्थापन गर्न सकेको छैन। सरकारले विभिन्न 'होल्डिङ सेन्टर'मा राखेका भूमीहीनलाई सरकारले उल्टै बिचल्ली पार्ने रणनीति अपनाएको देखिएको छ।

होल्डिङ सेन्टरमा खाना दिनै छाडेको र सरकारले दिने भनेको पुर्नस्थापना खर्चसमेत नआएपछि भूमीहीनहरू 'घर न घाट'का हुन थालेका छन्। सरकारले मनोहरा, सिनामंगल र थापाथली क्षेत्रबाट हटाएका भूमीहनलाई कीर्तिपुर, इचंगु, काभ्रेको बनेपा, भक्तपुरको खारिपाटी, नगरकोट, बोडे तथा काठमाडौंका विभिन्न होटलमा राखेका थिए।

असार ९ यता उनीहरूलाई होल्डिङ सेन्टर छाड्न सरकारले निरन्तर दबाब बढाउँदै खाना र पानीसमेत बन्द गराइएको छ। होल्डिङ सेन्टरमा राखेकाहरूलाई मासिक प्रतिपरिवार २५ हजार रूपैयाँ पुनर्स्थापना खर्च दिएर सरकारले होल्डिङ सेन्टर खाली गर्न दबाब दिँदै आएको छ। खर्च पाएकाहरू अन्तै सरे पनि कतिपयले भने पुनर्स्थापना खर्च अझै पाएका छैनन्।

असार ९ गते अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले कीर्तिपुरलगायतका विभिन्न होल्डिङ सेन्टरमा अस्थायीरूपमा आश्रय लिइरहेका सुकुमबासी तथा भूमिहीनहरूलाई पाँच दिनभित्र भवन खाली गर्न सूचना जारी गरेको थियो। पछि पुनः थप सात दिनको समयावधि तोकिएको थियो।

सरकारले दिएको २५ हजारले छेउटुप्पै नपुग्ने थापाथलीबाट कीर्तिपुरको होल्डिङ सेन्टर पुगेका सुजन मगरले बताए।

क्रमशः पृष्ठ २ मा

मानवअधिकार आयोगले भन्यो

### भूमिहीनलाई बिचल्ली नपार्नू

राष्ट्रिय मानवअधिकार आयोगले कुनै व्यवस्थापन नगरी भूमीहीनको बिचल्ली नपार्न निर्देशन दिएको छ।

'नेपाल सरकारबाट २०८३ वैशाख १२ गतेदेखि काठमाडौं जिल्लाको बागमती किनारलगायत विभिन्न स्थानमा बसोबास गरेका सुकुमबासीहरूको घर टहरा हटाइ उनीहरूलाई विभिन्न होल्डिङ सेन्टरमा राखेकोमा ती सेन्टरहरूबाट पनि हटाएको र हटाउने तयारी गरेको विषयमा यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ,' आयोगले बिहीबार विज्ञप्ति जारी गर्दै भनेको छ।

क्रमशः पृष्ठ २ मा

दलाई लामाको जन्मोत्सव विवाद

## वालेन्द्र सरकारको परराष्ट्र नीतिमाथि प्रश्न

- नागार्जुनस्थित नाम्ग्याल विद्यालयमा दलाई लामाको ९१औं जन्मजयन्ती मनाइएको घटना विवादमा
- मुलुकको परराष्ट्र नीतिविपरीत जन्मोत्सव मनाउन अनुमति दिएको भन्दै सरकारको आलोचना
- संसद्मा 'एक चीन नीति'बारे सरकारसँग जवाफ माग
- नेपाल–चीन सम्बन्धमा गलत सन्देश जान सक्ने सात जना पूर्वराजदूतको चेतावनी
- नेपालले आफ्नो भूमिबाट कुनै पनि मित्रराष्ट्रविरूद्ध प्रतिकूल असर पर्ने गतिविधि हुन नदिने प्रतिबद्धता पालना गर्नुपर्नेमा जोड





■ **जेबी योञ्जन**

**काठमाडौं–** काठमाडौंको नागार्जुनस्थित नाम्ग्याल विद्यालयमा १४औं दलाई लामाको ९१औं जन्मजयन्ती मनाइएको घटनालाई लिएर वालेन्द्र शाह नेतृत्वको सरकारमाथि संसद्देखि कूटनीतिक वृत्तसम्म दबाव बढेको छ। उक्त कार्यक्रममा विदेशी कूटनीतिक नियोगका प्रतिनिधिहरूकोसमेत सहभागिता रहेको सार्वजनिक भएपछि सरकारको परराष्ट्र नीतिमाथि प्रश्न उठाइएको हो।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद रमेशकुमार मल्लले नेपालले विगतदेखि अवलम्बन गर्दै आएको एक चीन नीतिप्रति सरकार प्रतिबद्ध छ कि छैन भन्ने प्रश्न उठाए। उनले प्रतिनिधिसभाले विगतमा कालापानी, लिम्पियाधुरा र लिपुलेकसहितको चुच्चे नक्सा सर्वसम्मतरूपमा पारित गरेको स्मरण गर्दै वर्तमान सरकारले दिएको सीमासम्बन्धी अभिव्यक्तिले राष्ट्रिय स्वाभिमानमाथि चोट पुगेको टिप्पणी गरे।

उनले संसद्मा भने, 'नेपालले छिमेकीको भूमि मिचेको भन्ने राष्ट्रहितविपरीत अभिव्यक्ति आउँदा ताली बजाउने दृश्य हेर्नुपरेको छ। तर, नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध छ कि छैन? जवाफ चाहियो।' मल्लले नेपालको परराष्ट्र नीतिको आधार स्वतन्त्रता, असंलग्नता, पञ्चशील, सार्वभौमिक समानता तथा सन्तुलित छिमेकी सम्बन्ध भएको उल्लेख गर्दै एक चीन नीति नेपालको राष्ट्रिय सहमति र संवैधानिक प्रतिबद्धतासँग जोडिएको विषय भएको बताए।

उनका अनुसार पछिल्ला केही घटनाक्रमले सरकार नेपालको स्थापित परराष्ट्र नीतिभन्दा बाहिर जान खोजेको हो कि भन्ने आशंका पैदा गरेको छ। उनले काठमाडौंमा दलाई लामाको जन्मोत्सव आयोजना हुनु, त्यसमा विदेशी कूटनीतिज्ञहरूको सहभागिता रहनु तथा त्यसबारे सरकार मौन देखिनुलाई गम्भीर विषयका रूपमा उठाए।

यही विषयलाई लिएर नेकपा एमालेका मुख्य सचेतक ऐन महरले पनि प्रतिनिधिसभामा सरकारसँग स्पष्ट जवाफ मागे। उनले के वर्तमान सरकार एक चीन नीतिको विरुद्धमा हो? के सरकारले छिमेक सम्बन्धी परराष्ट्र नीति परिवर्तन गरेको हो? भन्दै प्रश्न संसद्मा राखे।

क्रमशः पृष्ठ २ मा



नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध छ कि छैन? जवाफ चाहियो।

■ **रमेशकुमार मल्ल**
सांसद, नेकपा



के वर्तमान सरकार एक चीन नीतिको विरूद्धमा हो? के सरकारले छिमेकसम्बन्धी परराष्ट्र नीति परिवर्तन गरेको हो?

■ **ऐन महर**
प्रमुख सचेतक, नेकपा एमाले

**सन्दर्भः वैदेशिक रोजगार**

वैदेशिक रोजगार ऐन संशोधनको तयारी

## कल्याणकारी कोषको दायरा फराकिलो बनाइँदै

### 'ब्लड मनी' देखि आश्रयस्थलसम्म समेटिने

- कोषबाट उपलब्ध हुने सुविधा पाउन श्रम स्वीकृति अनिवार्य
- कानुनी लडाइँ, स्वास्थ्य उपचार, आश्रित परिवारको शिक्षा, महिला श्रमिकको संरक्षण र फर्केकाहरूको पुनःएकीकरणसमेत समेटिने
- गम्भीर प्रकृतिको फौजदारी अभियोग लागेका श्रमिकका लागि 'ब्लड मनी' समेत कोषबाट तोकिएबमोजिम उपलब्ध गराउने व्यवस्था प्रस्ताव
- महिला श्रमिकका लागि विशेष सुरक्षा र उपचारको व्यवस्था
- मस्यौदामा प्रस्तावित व्यवस्था 'श्रमिकमैत्री र समयसापेक्ष' भएको सरोकारवालाको टिप्पणी

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूको सामाजिक सुरक्षा र हितलाई मध्यनजर गर्दै 'वैदेशिक रोजगार ऐन, २०६४' मा व्यापक संशोधनको तयारी गरेको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयले तयार पारेको नयाँ विधेयकको मस्यौदामा वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग र सञ्चालनसम्बन्धी व्यवस्थालाई साविकको तुलनामा निकै फराकिलो र श्रमिकमैत्री बनाउन प्रस्ताव गरिएको छ।

हालको ऐनमा श्रमिकको मृत्यु वा अंगभंग हुँदा दिइने राहतमामात्र कोष बढी केन्द्रित देखिएकोमा नयाँ मस्यौदाले कानुनी लडाइँ, स्वास्थ्य उपचार, आश्रित परिवारको शिक्षा, महिला श्रमिकको संरक्षण र फर्केकाहरूको पुनःएकीकरणजस्ता विषयलाई समेत समेटेको पाइएको छ। साविकको ऐनमा विदेशमा फौजदारी कसुरको अभियोग लागेका कामदारको प्रतिरक्षा र बहस पैरवी (वकिल खर्च) का लागिमात्र कोषको रकम प्रयोग गर्ने उल्लेख थियो। नयाँ मस्यौदामा कानुनी सहायताको दायरा बढाउँदै गम्भीर प्रकृतिको फौजदारी अभियोग लागेका श्रमिकका लागि 'ब्लड मनी' (क्षतिपूर्ति रकम) समेत कोषबाट तोकिएबमोजिम उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ। यसले खाडी मुलुकहरूमा ब्लड मनी तिर्न नसकेर जेल जीवन बिताउन बाध्य नेपालीहरूलाई ठूलो राहत मिल्ने देखिएको छ।

नयाँ मस्यौदामा महिला श्रमिकका लागि विशेष सुरक्षा र उपचारको व्यवस्था प्रस्ताव गरिएको छ। रोजगारीका क्रममा यौन दुर्व्यवहार वा हिंसामा परी गर्भवती भएका, नाबालक बच्चासहित स्वदेश फर्कन बाध्य भएका, वा यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या झेलेका महिला श्रमिकहरूलाई कोषबाट विशेष उपचार र आर्थिक सहायता दिने संवेदनशील व्यवस्था थपिएको हो। साविकको ऐनमा समस्यामा परेका महिला श्रमिकहरूका लागि कुनै विशिष्ट वा छुट्टै कल्याणकारी व्यवस्था उल्लेख थिएन।

यसैगरी करार अवधिभित्र स्वदेश वा विदेशमा बिरामी परी पूर्ण वा आंशिक अशक्त भएका श्रमिकलाई नेपालमा एक पटकका लागि उपचार खर्च दिइने व्यवस्था गर्न मस्यौदामा प्रस्ताव गरिएको छ।

क्रमशः पृष्ठ २ मा

## बालसुधार गृहका बालबालिकाको मानवअधिकार संरक्षणमा जोड

- बालसुधार गृहमा रहेका बालबालिका अपराधी नभई सुधार गर्न आवश्यक व्यक्ति भएकाले उनीहरूको मानवअधिकारको राज्यले दायित्व लिनुपर्नेमा जोड
- बालसुधार गृहलाई कारागार संरचनाभन्दा बाहिर राखेर बालमैत्री वातावरणसहितको भौतिक संरचना बनाउन आवश्यक रहेको भनाइ
- कानुनी सुधारभन्दा पनि बालसुधार गृहमा रहेका बालबालिकाको सामाजिक र मनोवैज्ञानिक सुधार आवश्यक भएको सुझाव

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बालसुधार गृहमा रहेका बालबालिकाको मानवअधिकार संरक्षण गर्नु राज्यको प्रमुख दायित्व हुनुपर्नेमा सांसदहरूले जोड दिएका छन्।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको उपसमितिले तयार पारेको 'बालसुधार गृहमा रहेका बालबालिकाको मानवअधिकारको अवस्थासम्बन्धी निरीक्षण तथा अवलोकन उपसमितिको प्रतिवेदन, २०८३' माथिको छलफलका क्रममा उनीहरूले सो कुरामा जोड दिएका हुन्। छलफलका क्रममा सांसदहरूले बालसुधार गृहको अवस्था अत्यन्त नाजुक र दयनीय भएको निष्कर्ष निकाल्दै थप सुधार गर्न प्रतिवेदनमा सिफारिस र सुझाव दिएका छन्।

सांसद भूमिका श्रेष्ठले अवलोकन गर्न जाँदा भैरवाहस्थित बालसुधार गृह अत्यन्त दयनीय अवस्थामा रहेको पाइएको बताइन्। उनले एउटै कोठामा ७० बालबालिका राखिएको र उनीहरूलाई पर्याप्त खानासमेत अभाव रहेको बताइन्। बालसुधार गृहमा रहेका बालबालिका अपराधी नभई सुधार गर्न आवश्यक व्यक्ति भएकाले उनीहरूको मानवअधिकारको राज्यले दायित्व लिनुपर्ने उनले बताइन्। सांसद श्रेष्ठले जतिसक्दो छिटो भैरहवाको बालसुधार गृहका बालबालिकाको स्थान्तरण गरेर व्यवस्थित गन सभापतिको ध्यानाकर्षण गराइन्।

सांसद साजिदा खातुन सिद्धिकीले बालसुधार गृहलाई कारागार संरचनाभन्दा बाहिर राखेर बालमैत्री वातावरणसहितको भौतिक संरचना बनाउन आवश्यक रहेको बताइन्। उनले बालबालिका नै भविष्यका कर्णाधार रहेको भन्दै उनीहरूलाई सुधारोन्मुखतर्फ लैजान राज्यले पर्याप्त लगानी गर्न जरुरी रहेको बताइन्।

सांसद प्रकाशचन्द्र परियारले कानुनी सुधारभन्दा पनि बालसुधार गृहमा रहेका बालबालिकाको सामाजिक र मनोवैज्ञानिक सुधार आवश्यक भएको सुझाव दिए।

सांसद मनमाया विश्वकर्माले बुटवलको बालसुधार गृह व्यवस्थित गर्न कानुनी, नीतिगतसँगै संरचनागत सुधारमा ध्यान दिन अनिवार्य रहेको बताइन्। सांसद मोहनलाल आचार्यले बालसुधार गृहबाट निस्किएका बालबालिकाको पारिवारिक पुनःस्थापना संवेदनशील विषय भएकाले यसतर्फ राज्यको सचेतना आवश्यक रहेको बताए।

सांसद सुलभ खरेलले बाल इजलास प्रभावकारी बनाउँदै बालबालिकाको मुद्दा अदालतबाट छिटोभन्दा छिटो किनारा लगाउनसके बालसुधार गृह व्यवस्थापनमा सहयोग पुग्ने बताए।

क्रमशः पृष्ठ २ मा

# तीन जिल्लाका तीन भ्रष्टाचार मुद्दा अदालतमा

## नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेर जागिर खानेदेखि धान उद्योग स्थापना र अपांगता भत्ता हिनामिना गर्नेहरु अख्तियारको फन्दामा

■ प्रभाव संवाददाता




**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका वडा नं. २ का वडा सचिव हिरालाल काफ्लेविरुद्ध मुद्दा दर्ता गरेको छ। नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेर सरकारी सेवामा प्रवेश र पदोन्नति लिएको आरोपमा आयोगले बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

अख्तियारका अनुसार काफ्लेले भारतको आसाम प्रदेशको गुहाटीस्थित 'बोर्ड अफ सेकेण्डरी एजुकेसन आसाम'बाट सन् १९९८ मा एसएलसीसरहको परीक्षा उत्तीर्ण गरेको झूटा तथा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेका थिए। उनले सोही नक्कली प्रमाणपत्रका आधारमा विभिन्न समयमा नियुक्ति र बढुवा लिई लाभ तथा सुविधा भोग गरेको अनुसन्धानबाट खुलेको आयोगको भनाइ छ।

अध्ययन नै नगरी भारतबाट नक्कली शैक्षिक प्रमाणपत्र ल्याई सरकारी सेवामा ओहोदा र लाभ लिएको उजुरी परेपछि अख्तियारले यस सम्बन्धमा अनुसन्धान सुरु गरेको थियो। अनुसन्धान सकिएपछि अख्तियारले काफ्लेको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको ठहर गरेको आरोपपत्रमा उल्लेख छ। सोहीअनुसार उनलाई सजायको मागदाबी गर्दै मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

पोखरिया नगरपालिकाका कर्मचारीसहित तीन जनाविरुद्ध मुद्दा

बिहीबार नै आयोगले पर्सा जिल्लाको पोखरिया नगरपालिकाका तत्कालीन कर्मचारी र एक स्थानीय नागरिकविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अपांगता परिचयपत्रको कागजात सच्याई सरकारी रकम हिनामिना गरेको अभियोगमा आयोगले विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

मुद्दामा पोखरिया नगरपालिकाका तत्कालीन अधिकृत छैटौं तहका कर्मचारी सञ्जयकुमार पाण्डेय, अपांग शाखामा कार्यरत तत्कालीन कर्मचारी अम्बिका महतो खुलवट र पोखरिया नगरपालिका वडा नं. १० बस्ने महेन्द्र राउत कुर्मीलाई मुख्य प्रतिवादी बनाइएको छ।

अनुसन्धानका क्रममा पोखरिया नगरपालिकाको अपांगता समन्वय समितिको २०७८ असोज ११ को बैठकले कार्यविधिबमोजिम प्रतिवादी कुर्मीलाई सामाजिक सुरक्षा भत्ता नपाउने वर्ग 'वाई' (ग) मा वर्गीकरण गरेको पाइएको आयोगले जनाएको छ। तर, कर्मचारीद्वय पाण्डेय र महतो खुलवटले प्रतिवादी कुर्मीसँगको मिलेमतो तथा योजनामा बदनियतपूर्वक सरकारी अभिलेख केरमेट गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वर्ग 'रेड' (क) बनाई गलत परिचयपत्र तयार र प्रमाणित गरेको खुलेको छ।

'उक्त गलत परिचयपत्रका आधारमा राज्यकोषबाट एक लाख ९१ हजार ५२० रूपैयाँ गैरकानुनी लाभ लिए/दिएको अख्तियारको अनुसन्धानबाट खुलेको छ,' आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ। आयोगका प्रवक्ता न्यौपानेका अनुसार उक्त हिनामिनासम्बन्धी उजुरी परेका आधारमा अनुसन्धान गरी यो मुद्दा दायर गरिएको हो।

अख्तियारले सरकारी रकम हिनामिना गर्ने र त्यसमा मतियार बन्ने तीनै जनाविरुद्ध जनही एक लाख ९१ हजार ५२० रूपैयाँ बिगो कायम गरी बिगोबमोजिमको जरिवाना, कैद र बिगो असुल उपरको मागदाबी गरेको छ।

धान प्रशोधन उद्योग स्थापनामा ४९ लाखभन्दा बढी हिनामिना

सिरहाको विष्णुपुर गाउँपालिकामा धान प्रशोधन उद्योग स्थापनाका लागि सरकारी बजेट हिनामिना गरेको अभियोगमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

नेपाल सरकारबाट प्राप्त अनुदान रकम आपसी मिलेमतोमा गैरकानुनीरूपमा भुक्तानी गरी सरकारी सम्पत्ति हानिनोक्सानी गरेको दाबीसहित आयोगले बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो। मुद्दाका मुख्य प्रतिवादीहरूमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रविन्द्रकुमार महत, तत्कालीन इन्जिनियर तथा योजना शाखा प्रमुख अनिक यादव, तत्कालीन लेखापाल रमेश गदाल, साना किसान कृषि सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष सरोजकुमार यादव र सोही सहकारीका तत्कालीन सञ्चालक समिति सदस्य राजेश्वरप्रसाद सिंह रहेका छन्।

यसैगरी धान प्रशोधन उद्योग स्थापना निर्माण उपभोक्ता समितिका अध्यक्ष मनोजकुमार यादव, कोषाध्यक्ष कविता कुमारी र सचिव रामबाबु यादवलाई भ्रष्टाचारजन्य कार्यको मतियार भई कसुर गरेको भन्दै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारसरह नै कैद, जरिवाना र बिगो असुल उपर गर्न मागदाबी गरिएको छ।

प्रतिवादीहरूविरुद्ध ४९ लाख २० हजार ९०३ रूपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, दफा ३ को उपदफा (१) को देहाय (छ) र (पहिलो संशोधनसहित) को खण्ड (ङ) बमोजिम कैद, बिगोबमोजिम जरिवाना र बिगो असुल उपर गर्न मागदाबी गरिएको छ।

अनुसन्धानका क्रममा विष्णुपुर गाउँपालिका वडा नं. १ मा अवस्थित साना किसान कृषि सहकारी संस्था लिमिटेडमा आर्थिक वर्ष २०७७/७८ को संघीय सरकारको सशर्त अनुदानअन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा 'विष्णुपुर धान प्रशोधन उद्योग' स्थापनाका लागि ५० लाख रूपैयाँ बजेट स्वीकृत भएको थियो। सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसहित बढीमा एक करोड रूपैयाँसम्मको मात्र निर्माण कार्य गराउनुपर्ने कानुनी व्यवस्था थियो। तर, गाउँपालिकाका कर्मचारी, सहकारी संस्था र उपभोक्ता समितिको मिलेमतोमा उक्त व्यवस्थाविपरीत एक करोड ११ लाख दुई हजार रूपैयाँको लागत अनुमान स्वीकृत गरी द्विपक्षीय सम्झौता गरिएको पाइएको अख्तियारले जनाएको छ।

'त्रिपक्षीय सम्झौताबमोजिम उपभोक्ता समितिलाई ५०/५० प्रतिशतका दरले रकम भुक्तानी दिनुपर्ने र सहकारीले आफ्नो हिस्सा व्यहोर्नुपर्नेमा त्यसो नगरी फर्जी मूल्यांकनका आधारमा सरकारको सतप्रतिशत अनुदान रकममध्येबाट ४९ लाख २० हजार ९०३ रूपैयाँ समितिलाई भुक्तानी दिएको पाइयो। हाल सो योजना अपूर्ण, जीर्ण र प्रयोगविहीन अवस्थामा रहेको र सो संरचना कुनै पनि प्रयोजनका लागि उपयोग हुन नसक्ने अवस्थामा पुर्‍याएर सरकारी धनमाल नष्ट गरिएको देखिएको छ,' अख्तियारले दायर गरेको आरोपपत्रमा उल्लेख छ।

# नक्कली प्रहरी बनेर सर्वसाधारणलाई धम्की दिने आलेमगर पक्राउ

**काठमाडौं (प्रस)–** नक्कली प्रहरीको परिचय दिँदै सर्वसाधारणलाई धम्की तथा दुःख दिएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा नुवाकोटको बेलकोटगढी नगरपालिका-१२ घर भई हाल काठमाडौं महानगरपालिका-६ हात्तीगौंडा बस्दै आएका ३८ वर्षीय राजकुमार आलेमगर रहेका छन्।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार आलेमगरले आफू 'अपराध महाशाखाबाट एसपी दिलीप घिमिरे' भएको भन्दै सर्वसाधारणलाई धम्क्याउने, अनावश्यक दबाब दिने तथा दुःख हैरानी गर्ने गरेका थिए। प्रहरीका अनुसार उनले प्रहरी कर्मचारीसँग विवाद गर्दै सार्वजनिक स्थानमा होहल्ला गरी शान्तिसुरक्षामा खलल पुर्‍याउने तथा अभद्र व्यवहार गरेको आरोप लागेको छ।

आलेमगरलाई काठमाडौं महानगरपालिका-२६ सिंहदरबार अगाडिको सडक खण्डबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। निजविरुद्ध जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पाँच दिनको म्याद थप गरी घटनाबारे थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले जानकारी दिए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**
यस कार्यालयमा मिति २०७८।१०।१३ मा दर्ता भएको प्रा.लि.नं. २८२४९२ को **ग्लोबल मार्क एडुकेशन पोखरा प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/२६ गते
यस कम्पनीको मिति २०८२/११/०८ को विशेष साधारण सभाको निर्णयबाट यस कम्पनीको नाम एस एजुकेसन भेन्चर्स प्रा.लि.बाट परिवर्तन गरी एस ए.लेभल प्रा.लि. गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/१२/१५ को निर्णयले स्विकृति प्रदान गरेको हुँदा साविक नामको कम्पनीको सम्पूर्ण सम्पत्ति दायित्य, कर आदि र शैक्षिक कार्यक्रमहरू यसै परिवर्तित कम्पनी **एस ए.लेभल प्रा.लि.** को नामबाट सञ्चालन गरिने जानकारी सहित यो सार्वजनिक सूचाना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**
यस कार्यालयमा मिति २०७०।०४।२८ मा दर्ता भएको प्रा.लि.नं. ११५०७२ को **डिजाईनर प्वाइन्ट एण्ड प्रिन्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना**
प्रकाशित मिति २०८३/०३/२६ गते
कम्पनी ऐन, २०६३ बमोजिम मिति २०८०/०१/१० मा प्रा.लि.नं.३११३६४ मा दर्ता भएको **मनास्लु बारिष्टा ट्रेनिङ्ग प्रा.लि.**को मिति २०८३/०३/०७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा आफ्नो हकदावी पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
**लिक्विडेटर :**
नारायण प्रसाद शर्मा (इजाजतपत्र नं.४४१)
सम्पर्क नं.९८५११२८५२०

**साउदीमा रोजगार** कम्पनी : M/S ALRUWAD ALSHARQIYA COMPANY FOR OPERATION AND MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८२/०५/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२४ | LT. No. 344654 | चलानी नं. ६०२५७९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 13 | 0 | 1000 | ४०,६२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ०८५/०५३/०५४
INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

**साउदीमा रोजगार** कम्पनी : POINT BURGER RESTAURANT
पूर्व स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 344755 | चलानी नं. ६०२५७९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 8 | 0 | 1000 | ४०,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com
श्रम इजाजत नं. ५१०/०६१/०६२

**कुवेतमा रोजगार** कम्पनी : LULU CENTER HYPER MARKET
पूर्व स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 3446878 | चलानी नं. ६०२५७९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer/packing Worker | 80 | 20 | 110 | ५४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. १००९/०६८/६९

**मलेसियामा रोजगार** कम्पनी : GEORGE KENT BERHAD
पूर्व स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 344689 | चलानी नं. ६०२५७९६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838, Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८

**कुवेत/कतारमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!
कम्पनी : SEAZEN HOSPITALITY FOR RESTAURANT MANAGEMENT & CATERING CO.
पूर्व स्वीकृति मिति : २०८२/०६/२० | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 331935 | चलानी नं. ६०२४५५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst Cooks | 47 | 0 | 140 | ६८,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook General/Foreign Food Cook | 45 | 14 | 150 | ७३,९०० | | | | | | | |
| 3 | Restaurant Hostess | 0 | 19 | 150 | ७३,९०० | | | | | | | |
| 4 | Steward | 41 | 15 | 110 | ५४,१९० | | | | | | | |
| 5 | Waiters | 29 | 14 | 135 | ६६,५१० | | | | | | | |

कम्पनी : MELENZANE RESTAURANT
पूर्व स्वीकृति मिति : २०८२/११/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 339515 | चलानी नं. ६०२५१९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 2 | 1800 | ७५,६५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter (General) | 7 | 0 | 1700 | ७१,४५० | | | | | | | |
| 3 | Assistant Chef | 8 | 0 | 1800 | ७५,६५० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७

**युएइमा रोजगार** कम्पनी : GOLDEN SAFETY PROPERTY GUARD SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 317791 | चलानी नं. ६०२३२०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 8 | 1200 | ४९,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 91 | 0 | 800 | ३३,२३८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9851040203, 9851419911
9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम इजाजत नं. ७८८/०६५/०६६

**मलेसियामा रोजगार** कम्पनी : UNIQUE SEAFOOD SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०९/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 336847 | चलानी नं. ६०२५०३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1700 | ६३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com
Govt. License No. 1781/082/083

**साउदीमा रोजगार** कम्पनी : NAAJCO ARABIA CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 344782 | चलानी नं. ६०२५७९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ७३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

**कुवेतमा रोजगार** कम्पनी : DARWIN COFFEE SHOP BEVERAGE COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०३/२५ | चलानी नं.: ६०२५७९३३ | LT.No.: 344691

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 8 | 3 | स. काममा दक्ष | 150 | ७४,३७९ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन १ गते (17 July, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

**ओमन/कुवेतमा रोजगार** कम्पनी : OMN INTERNATIONAL GROUP SAOC
पूर्व स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 344763 | चलानी नं. ६०२५७९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Public Building | 250 | 0 | 120 | ४७,६२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALID ALI ALKHARAFI & BROS CO. FOR CONSTRUCTION & CONTRACTING K.S.C.C
पूर्व स्वीकृति मिति : २०८१/१०/०८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 317423 | चलानी नं. ६०२३१६६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cnc Machnine Operator | 10 | 0 | 180 | ८८,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 25 | 0 | 200 | ९८,५३३ | | | | | | | |
| 3. | Erection Engineer Process Plants | 5 | 0 | 500 | २,४६,३३२ | | | | | | | |
| 4. | Erection Forman | 5 | 0 | 200 | ९८,५३३ | | | | | | | |
| 5. | Erector | 33 | 0 | 140 | ६८,९७३ | | | | | | | |
| 6. | Fabrication Foreman | 30 | 0 | 200 | ९८,५३३ | | | | | | | |
| 7. | Fabricator | 3 | 0 | 150 | ७३,९०० | | | | | | | |
| 8. | Labour | 28 | 0 | 100 | ४९,२६७ | | | | | | | |
| 9. | Land Seveyor | 5 | 0 | 500 | २,४६,३३२ | | | | | | | |
| 10. | Safety Officer | 5 | 0 | 400 | १,९७,०६६ | | | | | | | |
| 11. | Steel Fitter | 5 | 0 | 140 | ६८,९७३ | | | | | | | |
| 12. | Welder | 5 | 0 | 140 | ६८,९७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np
श्रम इजाजत नं. 1543/078/079

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शैक्षिक बेथितिमा लगाम: स्वागतयोग्य कदम

मुलुकको उच्च शिक्षा र वैदेशिक अध्ययनका नाममा लामो समयदेखि चल्दै आएको बेथिति र अराजकतालाई लगाम लगाउन सरकारले ढिलै भए पनि एक सुधारात्मक कदम चालेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेका दुई नयाँ नियमावली– 'विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३' र 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' ले नेपालको शैक्षिक क्षेत्रमा नयाँ तरंग पैदा गरिदिएको छ। विदेशी विश्वविद्यालयको सम्बन्धनका नाममा 'डिग्री बेच्ने' थलो बनेका कलेजहरू र वैदेशिक अध्ययनको प्रलोभन देखाएर विद्यार्थी सोस्ने कन्सल्टेन्सीहरूलाई कानुनी दायरामा ल्याउने यो प्रयास स्वागतयोग्य छ।

विगत केही वर्षयता नेपालमा विदेशी विश्वविद्यालयको बोर्ड झुन्ड्याएर मनपरी शुल्क असुल्ने तर न्यून गुणस्तरका शैक्षिक कार्यक्रम चलाउने कलेजहरूको बिगबिगी थियो। सरकारले त्यस्ता कलेजहरूका लागि विश्ववरीयता (र्‍याङ्किङ) को शीर्ष १००० भित्र पर्ने विश्वविद्यालयबाट मात्र सम्बन्धन लिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ। यसले गुणस्तरहीन शिक्षाको व्यापार नियन्त्रण गर्ने अपेक्षा सरकारको देखिन्छ। तर वरीयताको विषयमा आफैंमा विवादित छ। नेपालका विश्वविद्यालयहरू नै सरकारले तोकेको र्‍याङ्किङभित्र पर्दैन। फरक–फरक संस्थाले गर्ने र्‍याङ्किङ नै फरक हुन्छ। त्यसैले यसलाई मुख्य आधार बनाउनु चुनौतीपूर्ण हुने देखिन्छ।

हाल सञ्चालनमा रहेका अधिकांश कलेज यो मापदण्ड बाहिर पर्ने देखिन्छ। भौतिक पूर्वाधारका नाममा काठमाडौंभित्र तीन रोपनी र तराईमा १५ कठ्ठा आफ्नै जग्गा हुनुपर्ने, कोटा सीमित (प्रति सेक्सन ३५ जना) हुनुपर्ने, र विदेशी लगानी भएकाले २० प्रतिशतसम्म पूर्ण छात्रवृत्ति दिनुपर्ने सर्तहरू सकारात्मक छन्।

अर्कोतर्फ, शैक्षिक परामर्शका नाममा गल्ली–गल्लीमा च्याउझैं उम्रेका कन्सल्टेन्सीहरूको नियमन झनै टड्कारो आवश्यकता थियो। २५ लाख रूपैयाँ धरौटी राख्नुपर्ने, विदेशी लगानी पूर्णरूपमा निषेध गरी स्वदेशीमात्र कायम गर्नुपर्ने र सम्पूर्ण आर्थिक कारोबार डिजिटल माध्यमबाटै पारदर्शी गर्नुपर्ने व्यवस्थाले ठगीधन्दा चलाउनेहरूलाई निरुत्साहित गर्ने निश्चित छ। सबैभन्दा महत्त्वपूर्ण पक्ष, विदेशमा विद्यार्थी अलपत्र परेमा वा कलेज अवैध ठहरिएमा कन्सल्टेन्सीले नै क्षतिपूर्ति बेहोर्नुपर्ने र शैक्षिक मेलाहरूमा लगाइएको रोकले विद्यार्थीको सुरक्षा र अभिभावकको लगानी संरक्षणमा ठूलो राहत दिने देखिन्छ। कन्सल्टेन्सीहरूलाई 'ए', 'बी' र 'सी' श्रेणीमा वर्गीकरण गर्ने व्यवस्थाले बजारमा स्वच्छ प्रतिस्पर्धा र विश्वसनीयता बढाउने छ।

तर, नेपालको नीतिगत इतिहास हेर्दा कागजमा नियमहरू जतिसुकै उत्कृष्ट र कडा कोरिए पनि तिनको कार्यान्वयनपक्ष सधैं फितलो र शंकास्पद रहने गरेको छ। शक्तिशाली राजनीतिक र आर्थिक पहुँच भएका कलेज सञ्चालक तथा कन्सल्टेन्सी व्यवसायीहरूको दबाब र प्रभावमा परेर विगतमा धेरै प्रतिवेदनहरू दराजमा थन्किएका उदाहरण हाम्रासामु छन्। त्यसैले, यो नियमावली पनि केवल प्रचारबाजी वा राजनीतिक दाउपेचको अस्त्रमात्र बन्नु हुँदैन।

अबको मुख्य चुनौती भनेको तोकिएको अवधिभित्र मापदण्ड पूरा नगर्ने संस्थाहरूको सम्बन्धन र अनुमतिपत्र खारेज गर्ने, धरौटी जफत गर्ने र कानुनी कारबाहीको दायरामा ल्याउने शासकीय दृढता देखाउनु हो। यदि सरकारले विनाकुनै मोलाहिजा र निष्पक्षरूपमा यो मापदण्ड लागू गर्न सक्यो भने यसले नेपालको उच्च शिक्षाको साख मात्र फर्काउने छैन, वैदेशिक अध्ययनका नाममा बर्सेनि बाहिरिने अर्बौं रूपैयाँ र युवा जनशक्ति पलायन (ब्रेन ड्रेन) लाई रोक्नसमेत मद्दत पुऱ्याउने छ।

# युवा पुस्तामा सकारात्मक सोचको खाँचो



❑ राज कार्की

“युवाहरु केबल राष्ट्रका भविष्य हुन् भन्ने वाक्य पुरानिएको छ । आजका युवा वर्तमानका कर्ता हुन् । उनीहरूलाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु भनेको उज्यालो भविष्य निर्माण गर्नु मात्र होइन, आजको समस्याको समाधान पनि हो । समाजमा सकारात्मक परिवर्तन ल्याउन, भ्रष्टाचार अन्त्य गर्न, बेरोजगारीको समाधान खोज्न र राष्ट्र निर्माणको आधार तयार पार्न सकारात्मक सोच भएको युवाको खाँचो छ । यसैले हामी सबै अभिभावक, शिक्षक, नीति निर्माता, उद्यमी, समाजसेवी मिलेर युवामा सकारात्मक सोच विकास गराउने कार्यलाई प्राथमिकता दिनुपर्छ ।

आजको युग तीव्र गतिमा परिवर्तन भइरहेको छ। विज्ञान, प्रविधि, सूचना र सञ्चारको तीव्र विकासले मानव जीवनलाई सहज र गतिशील बनाएको छ। तर, यही परिवर्तनको आँधीभित्र युवा पुस्ता दिशाहीन, दिग्भ्रमित र चिन्तित भइरहेका छन्। उनीहरूलाई आत्मविश्वासभन्दा बढी डर छ, आशाभन्दा बढी शंका छ, उद्देश्यभन्दा बढी अन्योल छ। यस्तो अवस्थामा सकारात्मक सोच नै उनीहरूको जीवनलाई नयाँ दिशा दिनसक्ने एउटै शक्तिशाली उपाय हो। त्यसैले, युवालाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता बनेको छ।

आजको प्रतिस्पर्धात्मक युगमा युवा भविष्यप्रति अन्योल, मानसिक तनाव, र असन्तुष्टिको दबाबमा छन्। सामाजिक सञ्जाल, बेरोजगारी, पारिवारिक अपेक्षा, र असफलताले उनीहरूमा नकारात्मक सोच विकास गर्न सक्ने सम्भावना बढेको छ। यस्तो अवस्थामा युवामा सकारात्मक सोचको खाँचो गम्भीर र आवश्यक विषय हो। सकारात्मक सोच भनेको हरेक परिस्थितिमा आशाको उज्यालो देख्ने सोच हो। यो सोचले व्यक्ति कठिनाइमा डराउनुको सट्टा समाधान खोज्न थाल्छ। जब जीवनमा समस्या आउँछ, नकारात्मक सोचले भन्छ, 'अब केही हुँदैन।' तर सकारात्मक सोच भन्छ, 'यही समस्या समाधानको नयाँ अवसर हो।' सकारात्मक सोच भनेको केवल सुखद् सपना देख्नुमात्र होइन, ती सपना साकार गर्न साहसपूर्वक संघर्ष गर्नु हो।

सकारात्मक सोच कुनै जादू होइन, तर जीवनलाई सरल, सफल र सन्तुलित बनाउने सशक्त मानसिक अवस्था हो। हरेक परिस्थितिमा उज्यालो देख्न सक्ने दृष्टिकोण विकास गरेमा जीवनका चुनौती पनि अवसर बन्न सक्छन्। त्यसैले, सकारात्मक सोच केवल सोचको शैली होइन, यो जीवन जिउने कला हो। 'म सक्छु', 'यो सम्भव छ' भन्ने भावना जागृत गराउन, असफलतालाई पाठको रूपमा लिने प्रवृत्तिको विकासले नकारात्मक सोच विस्तारै हराउँदै जान्छ। ध्यान, योग वा मननले पनि मानिसको मानसिक स्पष्टता र सकारात्मक ऊर्जा ल्याउँछ।

नेपालमात्र होइन, विश्वभर नै युवा पुस्ता मानसिक तनाव, बेरोजगारी, पारिवारिक दबाब र सामाजिक तुलनाको भारमा थिचिएका छन्। उनीहरू सामाजिक सञ्जालमा अरूको झूठो जीवनसँग आफ्नो वास्तविकता तुलना गर्दै आत्मग्लानि र हीन भावना पालिरहेका छन्। परिणामस्वरूप, आत्महत्या, मादकपदार्थको दुरूपयोग, अपराधमा संलग्नता र मानसिक रोग दिनदिनै बढ्दो क्रममा छ। यस्तो अवस्थामा उनीहरूलाई केबल शिक्षा दिएर पुग्दैन, उनीहरूलाई मानसिकरूपमा सशक्त बनाउनुपर्छ। सकारात्मक सोचमा आधारित जीवन सीपको प्रशिक्षण अहिलेको यथार्थ आवश्यकता हो।

सकारात्मक सोचले आत्मविश्वासको विकास गराउँछ। उनीहरू असफलतालाई पनि सिकाइको अवसरका रूपमा लिन्छन्। यसले मानिलाई संकटमा अवसर देख्ने क्षमताको विकास गराउँछ। संकटमा रुने होइन, त्यो अवसरमा रूपान्तरण गर्ने सोच युवामा विकास हुन्छ। व्यक्तिको नेतृत्व विकासमा पनि यसले मद्दत गर्दछ। सकारात्मक सोच भएका युवा नेतृत्वको क्षमतामा अगाडि बढ्छन्। उनीहरू समस्या समाधानकर्ता बन्छन्, गुनासो गर्ने होइन। यदि युवामा सकारात्मक सोच विकास गरियो भने, उनीहरू केबल आफ्नै जीवन सुधार्न सक्ने होइनन्, समाज र राष्ट्रको निर्माणमा पनि महत्त्वपूर्ण योगदान दिन सक्ने छन्। त्यसैले आजको आवश्यकता भनेको युवालाई सही दिशामा सोच्न प्रेरित गर्नु हो।

सकारात्मक सोच भएका व्यक्तिले समाजमा पनि विशिष्ट योगदान दिन सक्छन्। उनीहरू समाज सुधार, स्वदेशमै उद्यम स्थापना र राष्ट्र निर्माणमा योगदान दिन सक्षम हुन्छन्। साथै, उनीहरूले अरू व्यक्तिमा सकारात्मक ऊर्जा फैलाउने काममा पनि सकारात्मक सोच भएको व्यक्ति केबल आफू सफल हुँदैन, ऊ वरपर पनि सकारात्मक ऊर्जा फैलाउँछ। यसले सामाजिक सद्भाव र एकता बढाउँछ। मानसिक स्वास्थ्यका लागि पनि सकारात्मक सोच हुन आवश्यक छ। यसले तनाव, चिन्ता र डिप्रेसनलाई घटाउँछ। साथै, कुनै समस्यामा आइपरेमा हार मान्नुको सट्टा समाधान खोज्ने प्रेरणा दिन्छ। आत्मबल र आत्मविश्वास बढाउने हुँदा आफैंप्रति विश्वास जन्माउँछ, जसले लक्ष्य प्राप्तिमा मद्दत पुऱ्याउँछ। यसले सकारात्मक दृष्टिकोण राख्न मद्दत गर्ने हुँदा सामाजिक सम्बन्ध सुदृढ हुन्छ। सकारात्मक व्यक्ति जहिले पनि नयाँ अवसरको खोजीमा रहन्छ र नवप्रवर्तनप्रति आफूलाई केन्द्रित राख्दछ।

युवामा सकारात्मक सोचको विकास जागृत गराउन प्रशिक्षणको आवश्यकता छ। यसका लागि पहिलो कुरा हाम्रो शिक्षा प्रणालीमा परिवर्तनको खाँचो छ। विद्यालय र कलेजले पाठ्यक्रममा जीवन सीप, सकारात्मक मनोविज्ञान, र भावनात्मक बुद्धिमत्ताजस्ता विषय समावेश गर्नुपर्छ। समय-समयमा युवालाई नियमितरूपमा प्रेरणादायी व्यक्तित्वबाट सेमिनार, व्यापार वार्ता, सफलताको कथाजस्ता कार्यक्रम आयोजना गरी आशाको सञ्चार राइराख्नुपर्छ। अनुभवी व्यक्तिबाट व्यक्तिगत मार्गदर्शन दिने मेन्टरसिप कार्यक्रम सञ्चालन गर्न सकिन्छ। युवाहरूले गलत बाटोमा लाग्ने वा आफ्नो जीवनप्रति नैराश्य भाव राख्नुमा परिवार र समाजको कारण पनि रहेको हुन्छ। त्यसैले परिवारमा खुलेर बोल्ने वातावरण, सन्तुलित संवाद, हौसला दिने संस्कारको विकासमा परिवार र समाजको पनि उत्तिकै भूमिका रहेको हुन्छ। आवश्यक छ। समाजले युवालाई सुन्न, बुझ्न र मार्गदर्शन गराउन सक्छ। त्यस्तै सामाजिक सञ्जालमा सकारात्मक विचार, प्रेरणादायी भिडियो, लेख, र पोस्टहरूको प्रवर्द्धन गरिएमा त्यसले सकारात्मक नतिजा ल्याउँछ।

नेपालजस्तो मुलुक जहाँ जनसंख्याको ठूलो हिस्सा युवामा आधारित छ, त्यहाँ सकारात्मक सोचले देशको दिशा नै बदल्न सक्छ। युवा सोच नै परिवर्तनशील छ, यसलाई सही दिशामा हिँडाउने हो भने त्यो समाज रूपान्तरणको मूल इञ्जिन बन्न सक्छ। नेपालमा विगतका राजनीतिक, आर्थिक र सामाजिक उतारचढावले धेरै युवा निराश छन्। उनीहरू विदेशी भूमिमा श्रम बेच्न विवश छन्। यदि तिनै युवालाई सकारात्मक सोच, उद्यमशीलता, आत्मनिर्भरता र सम्भावनाको आँखा देखाइयो भने नेपाल आफैं अवसरको भण्डार बन्न सक्छ।

आजको अस्वस्थ शैक्षिक र व्यावसायिक प्रतिस्पर्धाले अधिकांश युवामा निराशा फैलाएको छ। अभिभावक र समाजको दबाबले पनि उनीहरूको मनोबल घटाएको पाइन्छ। बढ्दो सामाजिक सञ्जालको प्रयोगले अरूसँग तुलना गर्ने प्रवृत्तिले गर्दा आत्महीनताको भावना पैदा गरेको छ। विद्यालय, परिवार र समाजमा प्रेरणात्मक मार्गदर्शन तथा सकारात्मक सोच सिकाउने वातावरणको अभाव छ। यो समस्या समाधानका लागि सर्बप्रथम परिवार, विद्यालय र समुदायबाट नै सकारात्मक सोचको अभ्यास सुरु गर्नु आवश्यक छ। हाम्रो शिक्षा प्रणालीमा जीवन मूल्यको महत्त्वसमबन्धी पाठ्यसामग्री समावेश गर्नुपर्ने आवश्यकता छ। युवालाई लक्षित गरी प्रेरणादायी कार्यक्रम, तालिम र सेमिनार सञ्चालन गर्न सकिन्छ। सफल व्यक्तिका संघर्ष कथा पनि युवालाई प्रेरणा दिने माध्यम बन्न सक्ने हुँदा त्यस्ता प्रेरक व्यक्तिसँग सत्सँग गराउने वा उनीहरूका बारेमा लेखिएका सामग्री पढ्ने अवसर प्रदान गर्न सकिन्छ।

युवा शक्ति भनेको राष्ट्र निर्माणको मेरुदण्ड हो। ती युवा जसले साहस, लगनशीलता र दृष्टिकोण बोकेर अघि बढ्छन्, उनीहरूले देशको भविष्य बोकेर हिँडिरहेका हुन्छन्। उनीहरूको कर्म, संघर्ष र नवीन सोचले देशलाई समृद्धिको यात्रामा डोऱ्याउँछ। तर, केबल युवाको जोशले मात्र देश बोक्न सम्भव छैन, सरकारले नीति, अवसर र संरचना निर्माण गरेर ढोका खोलिदिनुपर्छ। सरकारको सहकार्यले युवाको ऊर्जा दिशा पाउँछ, अवसरमा बदलिन्छ र देश समृद्धिको पथमा अगाडि बढ्छ। हुन त युवा आफैंले पनि अवसर सिर्जना गर्न सक्दछन्, तर सहकार्यविना परिवर्तन दिगो हुँदैन। जब युवा र सरकार एउटै लक्ष्यमा सहमत हुन्छन्, तब देश बदलिन्छ, सपना साकार हुन्छ, र इतिहास बन्नसक्छ।

युवाहरू केबल राष्ट्रका भविष्य हुन् भन्ने वाक्य पुरानिएको छ। आजका युवा वर्तमानका कर्ता हुन्। उनीहरूलाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु भनेको उज्यालो भविष्य निर्माण गर्नु मात्र होइन, आजको समस्याको समाधान पनि हो। समाजमा सकारात्मक परिवर्तन ल्याउन, भ्रष्टाचार अन्त्य गर्न, बेरोजगारीको समाधान खोज्न र राष्ट्र निर्माणको आधार तयार पार्न सकारात्मक सोच भएको युवाको खाँचो छ। यसैले हामी सबै अभिभावक, शिक्षक, नीति निर्माता, उद्यमी, समाजसेवी मिलेर युवामा सकारात्मक सोच विकास गराउने कार्यलाई प्राथमिकता दिनुपर्छ। शिक्षाले ज्ञान दिन्छ, तर सकारात्मक सोचले जीवन बदल्छ। त्यो जीवन परिवर्तन नै समाज रूपान्तरणको प्रारम्भ हो। आजको यथार्थमा, जहाँ धेरै युवा विदेसिन चाहन्छन्, त्यहाँ यस्तो सन्देशले नयाँ आशा जगाउँछ, 'युवाले देश बोक्न तयार छन्, सर्त केवल यति हो, सरकारले ढोका खोलिदियोस्।' *रासस*

***(लेखक सुटमालाका कार्यकारी निर्देशक हुन्)***

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ। यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ। बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन्। जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन्।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन्। यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ। योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ। त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ। त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ। कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ। एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ। वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन। अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ। कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ।

## पाठक मञ्च

# मुख्यसचिव नियुक्तिमा वरीयताको अवमूल्यन

सरकारले मुख्यसचिव नियुक्तिमा वरीयता मिचेको समाचारले यतिबेले सबैको ध्यान तानेको छ। बुधबार मन्त्रिपरिषद् बैठकले १८औं वरीयतामा रहेका सचिव गोविन्दबहादुर कार्कीलाई मुख्यसचिव पदमा नियुक्त गरेको समाचारले मुलुकको स्थायी सरकार मानिने निजामती प्रशासनभित्रको एउटा गम्भीर र पुरानो बेथितिलाई पुनः सतहमा ल्याएको छ। उमेर हदका कारण अनिवार्य अवकाशमा जान लागेका मुख्यसचिव सुमनराज अर्यालको स्थानमा वर्तमान वालेन्द्र शाह नेतृत्वको सरकारले जसरी १७ जना वरिष्ठतम् सचिवहरूलाई पाखा लगाउँदै कार्कीलाई देशको सर्वोच्च प्रशासनिक पद सुम्पिएको छ, यसले विधिको शासन, प्रशासनिक मूल्य-मान्यता र कर्मचारीतन्त्रको मनोबलमाथि ठूलो प्रश्नचिह्न खडा गरेको छ।

निजामती सेवामा वरिष्ठतालाई एउटा विशिष्ट र अकाट्य योग्यता मानिन्छ। यसले कर्मचारीहरूमा प्रणालीप्रतिको विश्वास र ढुक्कसँग काम गर्ने वातावरण सिर्जना गर्छ। तर, अहिलेको निर्णय हेर्दा वरिष्ठताको सूचीमा पहिलो नम्बरमा रहेका प्रधानमन्त्री कार्यालयकै किरणराज शर्मा, जो साउनको सुरुमै अवकाश पाउँदै थिए, उनलाई पूर्णरूपमा उपेक्षा गरियो। उनीमात्र होइन, वरिष्ठताको अगाडि रहेका हरिप्रसाद मैनाली, डा. गोविन्दप्रसाद शर्मा, डिल्लीराम शर्मा, गृहसचिव राजकुमार श्रेष्ठ र पूर्वाधार सचिव गोपालप्रसाद सिग्देलजस्ता परिपक्व र अनुभवी अधिकारीहरूलाई उछिनेर १८औं नम्बरका कनिष्ठ सचिवलाई मुख्यसचिव बनाइयो। यसले प्रशासनभित्र 'कामको कदर' भन्दा पनि 'शक्तिको निकटता' नै पदोन्नतिको मुख्य कडी हो भन्ने गलत नजिर स्थापित गरेको छ।

सरकारको तर्फबाट यस नियुक्तिको बचाउमा तर्क गरिँदै छ कि कार्कीले १०० बुँदे कार्ययोजनाअन्तर्गत प्रशासनिक सुधार, पुनर्संरचना र मन्त्रालयको संख्या घटाउने ओएण्डएम सर्वेक्षणको नेतृत्व गरेर सरकारलाई ठूलो सहयोग गरेका थिए। उनले प्रशासनिक पुनर्संरचना व्यवस्थापन सचिवालयको नेतृत्व गरेर देखाएको कार्यकुशलताका कारण उनलाई पुरस्कृत गरिएको भनाइ छ। तर प्रश्न उठ्छ- के एउटा तोकिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गर्दैमा समग्र निजामती ऐन, परम्परा र वरीयताको धज्जी उडाउन मिल्छ ? यदि राम्रो काम गर्नेलाई पुरस्कृत नै गर्ने हो भने अन्य प्रोत्साहनका उपायहरू हुन सक्थे। सिंगो प्रणालीलाई नै खलबल्याएर गरिने यस्तो 'पुरस्कार' ले प्रशासनमा संस्थागत सुधार होइन, संस्थागत अराजकता निम्त्याउँछ।

अर्को चिन्ताजनक पक्ष के छ भने, यो नियुक्तिमा राजनीतिक दबाब र प्रभाव प्रस्ट देखिएको छ। समाचारहरूमा आएअनुसार कार्कीलाई मुख्यसचिव बनाउन भन्दै सत्ता साझेदार दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेकहाँ डेलिगेसन जानेहरूको ताँती लागेको थियो। यसले के देखाउँछ भने हाम्रो कर्मचारीतन्त्र अझै पनि राजनीतिक नेतृत्वको 'खुसी' र 'भनसुन' को चक्रव्यूहबाट मुक्त हुन सकेको छैन। जब देशको मुख्यसचिवजस्तो गरिमामय पद राजनीतिक दलका नेताहरूको ढोका चहारेर वा शक्तिकेन्द्रको चाकडी गरेर प्राप्त हुन थाल्छ, तब कर्मचारीहरूले जनता र कानुनप्रति उत्तरदायी हुनुको सट्टा राजनीतिक दल र मन्त्रीप्रति मात्र वफादार हुने बाटो रोज्छन्।

२०४६ सालमा खरिदार पदबाट सेवा प्रवेश गरेर ३७ वर्ष लामो प्रशासनिक यात्रा तय गर्दै मुख्यसचिव बनेका कार्कीको व्यक्तिगत योग्यता, अनुभव र इमानदारितामाथि कसैको शंका नहोला। उनी उपसचिव, सहसचिव हुँदै विभिन्न जिल्लाको सिडिओ, एलडिओ र वाणिज्यदूतसम्म भएर काम गरेका अनुभवी प्रशासक हुन्। तर, विधिको शासन भएको लोकतान्त्रिक मुलुकमा व्यक्ति कति योग्य छ भन्नेमात्र पर्याप्त हुँदैन, उसलाई पदमा पुऱ्याउने प्रक्रिया कति पारदर्शी र न्यायसंगत छ भन्ने कुराले बढी महत्त्व राख्छ।

वरीयता मिचेर गरिने यस्ता निर्णयले भविष्यमा सिंगो निजामती सेवालाई प्रभावित बनाउने खतरा रहन्छ। वरिष्ठ सचिवहरूले आफूभन्दा कनिष्ठको मातहतमा बसेर काम गर्दा प्रशासनमा कस्तो समन्वय होला ? यसले कर्मचारीको कार्यक्षमता र उत्प्रेरणामा गम्भीर ह्रास ल्याउँछ। सबैले प्रणालीभन्दा शक्तिकेन्द्र रिझाउन थालेपछि सार्वजनिक सेवा प्रवाह कमजोर बन्छ र अन्ततः यसको मार सर्वसाधारण जनतामाथि नै पर्छ।

तसर्थ, सरकारले प्रशासनिक सुधारका चर्का नारा लगाइरहँदा प्रशासनको मेरुदण्ड मानिने 'अनुशासन' र 'वरीयता' लाई यसरी निरन्तर भत्काउनु हुँदैन। मुख्यसचिव नियुक्तिलाई विधिको स्थापित जगमा हिँडाउन र कर्मचारीतन्त्रको व्यावसायिकता जोगाउन अबका दिनमा वस्तुनिष्ठ र पारदर्शी मापदण्ड कडाइका साथ लागू गरियोस्।

**- अमृतकुमार ज्ञवाली**
कुलेश्वर, काठमाडौं

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**जोखिम न्यूनीकरण प्रयास** | चीनसँगको सीमामा रहेको कोरला नाका जोड्ने मुस्ताङको स्याङ खोलामा नदी नियन्त्रणका लागि जेसिबी प्रयोग गरी खोलाको 'च्यानलिङ' गरिँदै । *तस्बिरः रासस*

# पुनः लयमा फर्किंदै नवलपुर क्षेत्रका होटल व्यवसाय



**त्रिवेणी (नवलपरासी)–** निर्माणाधीन नारायणगढ-बुटवल सडक विस्तार आयोजनाको काम अन्तिम चरणमा पुगेपछि होटल तथा पर्यटन व्यवसाय पुनः चलायमान हुनेमा यहाँका व्यवसायी आशावादी बनेका छन् ।

सडक निर्माणका क्रममा वर्षौंदेखि धूलो, हिलो, जाम र जोखिमपूर्ण यात्राका कारण यात्रु तथा पर्यटकले नवलपुर क्षेत्रमा रोकिएर खाना खाने, विश्राम गर्ने तथा घुमफिर गर्ने क्रम उल्लेख्यरूपमा घटेको थियो । यसले राजमार्ग लक्षित होटल, रेस्टुरेण्ट तथा पर्यटन व्यवसायमा प्रत्यक्ष असर परेको व्यवसायीहरू बताउँछन् । अहिले सडक कालोपत्र भइसकेपछि यात्रुहरूको आवागमन सहज बन्दै गएको र होटलहरूमा पुनः चहलपहल बढ्न थालेको उनीहरूले जनाएका छन् ।

नवलपुर होटल व्यवसायी संघका जिल्ला अध्यक्ष सन्तोष रानाका अनुसार सडक विस्तार सुरु भएपछि करिब पाँच-छ वर्षसम्म राजमार्ग आसपासका होटल व्यवसाय अत्यन्तै प्रभावित बने । धूलो र अव्यवस्थित सडकका कारण यात्रुहरू अप्ठ्यारो खण्ड पार गरेपछि मात्र खाना खाने वा विश्राम गर्ने मनस्थितिमा रहने भएकाले होटलहरूको व्यापार उल्लेख्यरूपमा घटेको उनले बताए ।

'सडक निर्माणका कारण लामो समयसम्म व्यापारमा मन्दी छायो । कतिपय व्यवसायीले होटल नै बन्द गर्नुपर्ने अवस्था आयो भने केही विस्थापितसमेत भए,' अध्यक्ष रानाले भने, 'अब सडक विस्तारको काम करिब सकिएको छ । यात्रुहरू पुनः राजमार्ग आसपासका होटलमा रोकिन थालेका छन् । यसले होटल तथा पर्यटन व्यवसाय पुरानै लयमा फर्किने विश्वास बढाएको छ ।'

उनका अनुसार गैँडाकोटदेखि दाउन्नेसम्मका अधिकांश होटल व्यवसाय सडक निर्माणका कारण सबैभन्दा बढी प्रभावित भएका थिए । अहिले भने सवारीसाधन नियमितरूपमा रोकिन थालेकाले व्यवसायमा सकारात्मक संकेत देखिन थालेको उनको भनाइ छ ।

दाउन्नेस्थित सुवेदी सेकुवा कर्नरका सञ्चालक विनोद शर्मा सुवेदीले पनि सडक निर्माणको अवधिमा होटल सञ्चालन गर्न निकै कठिन भएको अनुभव सुनाए । 'धूलो र हिलोका कारण यात्रुहरू होटलमा रोकिनै चाहँदैनथे । होटलभित्रका सामग्रीसमेत धूलोले ढाकिन्थे । दैनिक व्यापार निकै घटेको थियो,' उनले भने, 'अहिले सडक राम्रो बन्दै गएको छ । यात्रुहरूको आवागमन बढ्न थालेको छ । यसले व्यवसाय फेरि चलायमान हुने आशा जगाएको छ ।'

नवलपुर होटल व्यवसायी संघका अनुसार जिल्लाभर करिब एक हजार १०० होटल तथा पर्यटनसम्बन्धी व्यवसाय सञ्चालनमा छन् । तीमध्ये धेरैजसो राजमार्ग निर्माणका कारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भएका थिए । अब सडक सहज बनेसँगै व्यवसायमा क्रमशः सुधार आउने विश्वास व्यवसायीहरूले गरेका छन् ।

नवलपुर पर्यटन समितिका अध्यक्ष फन्सराम महतोका अनुसार सडकको अवस्थाले जिल्लाको पर्यटन क्षेत्रमा ठूलो प्रभाव पारेको थियो । 'पर्यटकका लागि गन्तव्य आकर्षक भए पनि सहज पहुँच नहुँदा आगन्तुकको संख्या घटेको थियो,' उनले भने, 'अब सडक विस्तारको काम लगभग सम्पन्न भएको छ । यसको सकारात्मक प्रभाव पर्यटन क्षेत्रमा पनि देखिन थालेको छ ।'

उनका अनुसार अमलटारी, पिप्रहरलगायत वन्यजन्तु अवलोकनका प्रमुख गन्तव्यमा पछिल्लो समय पर्यटकको आगमन क्रमशः बढ्न थालेको छ । सडक सहज बनेपछि आन्तरिक तथा बाह्य पर्यटकको संख्या अझ वृद्धि हुने अपेक्षा गरिएको उनले बताए ।

नवलपुरको राजमार्ग क्षेत्रअन्तर्गत थुम्सी, दुम्किबास, दाउन्नेलगायतका स्थानहरू यात्रुका लागि प्रमुख विश्राम तथा खानाका केन्द्रका रूपमा परिचित छन् । सडक विस्तारका कारण लामो समय सुनसान बनेका यी क्षेत्रका होटलहरूमा अहिले फेरि यात्रु रोकिन थालेको व्यवसायीले बताएका छन् ।

नारायणगढ-बुटवल सडक विस्तार आयोजनाअन्तर्गत नवलपुर खण्डमा कालोपत्र र ढलानको काम सम्पन्न भइसकेको छ भने अहिले सडक सुरक्षा, लेन मार्किङ, साइनबोर्ड, रेलिङ तथा अन्य सहायक पूर्वाधार निर्माणका काम भइरहेका छन् ।

विगतमा धूलो, जाम र जोखिमपूर्ण यात्राका कारण आलोचित बनेको यो सडक अहिले क्रमशः सहज र सुरक्षित बन्दै गएको छ । सडक पूर्वाधारमा आएको सुधारसँगै होटल, पर्यटन, यातायात तथा स्थानीय व्यापार-व्यवसायमा नयाँ उत्साह थपिएको छ । व्यवसायीका अनुसार सहज सडकले पर्यटकको आगमन बढाउनुका साथै जिल्लाको समग्र आर्थिक गतिविधिलाई समेत चलायमान बनाउने विश्वास गरिएको छ । *रासस*

# महीलाई प्रवर्द्धन गर्दै गैँडाकोट नगरपालिका



**नवलपुर (नवलपरासी)–** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट नगरपालिकाले स्थानीय उत्पादनको रूपमा रहेको महीलाई प्रवर्द्धन गर्दै आएको छ । पालिकाले आयोजना गर्ने सार्वजनिक कार्यक्रममा अन्य पेय पदार्थलाई निरुत्साहित गर्दै महीलाई प्रवर्द्धन गरिएको पालिकाले जनाएको छ ।

गैँडाकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामगादेले बजारमा पाइने पेय पदार्थलाई निरुत्साहित गर्दै स्थानीय उत्पादनको रूपमा रहेको महीलाई प्रवर्द्धन गरिएको बताए । 'हामीले पालिकाको हरेक कार्यक्रममा सहभागीलाई महीले स्वागत गर्दै आएका छौं,' उनले भने, 'सार्वजनिक कार्यक्रममा केमिकलयुक्त पेय पदार्थको साटो मही प्रयोग गर्दा स्थानीय किसानलाई समेत लाभ पुग्ने गरेको छ ।' पालिकाले महीलाई प्रवर्द्धन गर्ने नीति लिएको भए पनि कार्यपालिका बैठकबाट भने निर्णय गर्न बाँकी रहेको उनले बताए ।

'महीलाई प्रवर्द्धन गर्न भनेर हामीले सञ्चालन गर्ने सार्वजनिक सुनुवाइ, नगरसभासहितका अन्य सार्वजनिक कार्यक्रममा बहुराष्ट्रिय कम्पनीका पेय पदार्थलाई प्रयोग गरेका छैनौं,' उनले भने, 'तर, नीतिगत रूपमा भने त्यस्ता पेय पदार्थलाई प्रतिबन्ध गरिएको छैन । यद्यपि व्यवहारमा भने प्रतिबन्धित जस्तै छ ।' अघोषित रूपमा गैँडाकोटले बहुराष्ट्रिय कम्पनीको 'कोल्ड ड्रिङ्स' निषेध गरेको उनले बताए । स्थानीय किसानको उत्पादन दही र महीलाई प्रोत्साहन गर्न पालिकाले गर्मीको समयमा महीले पाहुनालाई स्वागत गर्न लागेको लामगादेको भनाइ छ ।

किसानलाई फाइदा पुगोस् भनेर कार्यक्रममा मही प्रयोग गर्न लागिएको उनले बताए । 'गर्मीमा प्रयोग गरिने 'कोल्ड ड्रिङ्स' भन्दा दही र मोही प्रयोग गर्न सके स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सकिन्छ भनेर हामीले यसलाई प्रवर्द्धन गरेका हौं,' उनले भने, 'अब यसलाई नीतिगतरूपमा नै अगाडि बढाउने तयारी गरेका छौं ।'

आयुर्वेद चिकित्सक डा. कोपिला अधिकारीले मही सेवनका लागि मिठो हुनेमात्र नभई स्वस्थ रहन र कतिपय रोगबाट छुटकारा पाउनका लागि पनि उत्तम मानिने बताए । आयुर्वेदमा महीलाई तक्र भनिने उल्लेख गर्दै उनले महीमा सक्खर वा मिश्री मिलाएर खानाले रसायनको काम गर्दै शरीरलाई आनन्द दिनुका साथै वात, पित्त निवारण हुने बताइन् । मही सेवन गर्ने तरिकाबारे उल्लेख गर्दै डा. अधिकारीले भनिन्, 'एक गिलास महीमा एक/दुई चिया चम्चा जिरा अथवा मिठा सुपको धूलो मिसाएर पिउँदा यसले स्वास्थ्यलाभ मिल्छ ।'

वात दोष प्रकुपित भई शरीर दुख्ने, पेट दुख्ने, पेट फुल्ने आदि भएमा अम्ल रसयुक्त महीमा चिया चम्चाको एक चौथाइ सुठो एवं सिधे नुन मिलाएर पिउँदा फाइदा पुग्ने उनको भनाइ छ । मही सेवन शितकाल, अग्निमान्ध्य, वात रोग, अरुचि, ग्रहणी, अर्श, फिस्टुला, फिसर, मधुमेह, अतिसार, स्नायुदौर्वल्य आदिमा अमृतसमान लाभदायक हुने उनले बताइन् । तर, ग्रिष्म ऋतु, दुर्बल व्यक्ति, मुर्छा, भ्रम, दाह तथा रक्तपित्त रोग भएका व्यक्तिले मही सेवन गर्न नहुने उनको भनाइ छ ।

'नियमितरूपमा महीको सेवन गर्नाले शरीरको आमपाचन एवं शोधन भई शरीरमा विषाक्त तत्व जम्मा हुन पाउँदैन, तसर्थ विविध किसिमका रोगहरूबाट बच्न मद्दत पुर्‍याउँछ,' उनले भनिन् । गर्मी महिनामा तयारी जुसहरूको सेवन गर्नुभन्दा मही पिउनु धेरै राम्रो हुने उनले बताइन् । उनले महीको गुणस्तरमा भने ध्यान दिनुपर्ने बताइन् । *रासस*

# बेलौरीमा बाढीजन्य विपद्को पूर्वतयारी तीव्र

**कञ्चनपुर–** मनसुन सक्रिय भएसँगै सम्भावित बाढी तथा डुबानको जोखिमलाई मध्यनजर गर्दै बेलौरी नगरपालिकाले पूर्वतयारीलाई तीव्र बनाएको छ । उच्च जोखिममा रहेका क्षेत्रको पहिचान गरी खोला-नाला सरसफाइ, उद्धार सामग्री व्यवस्थापन, स्वयंसेवक परिचालन र विपद् प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइएको छ ।

नगरपालिकाको विपद् शाखाका विपद् सम्पर्क व्यक्ति अशोक पाण्डेयका अनुसार दोदा र महाकाली नदीसँग जोडिएका वडा बाढी तथा डुबानको उच्च जोखिममा छन् । विशेषगरी वडा नम्बर ५ सबैभन्दा बढी जोखिममा रहेको छ भने वडा नम्बर २, ६, ८ र १० पनि डुबानको जोखिममा रहेका छन् । ती क्षेत्रका करिब एक हजार ५०० भन्दा बढी परिवार सम्भावित डुबानको उच्च जोखिममा रहेका छन् ।

सम्भावित विपद्को सूचना छिटो आदानप्रदान गर्न समुदायस्तरीय विपद् व्यवस्थापन समिति (सिडिएमसी)लाई सक्रिय बनाइएको छ । समितिमा आबद्ध व्यक्तिहरूको वाट्सएप समूह गठन गरी बाढी वा अन्य विपद्को सूचना तत्काल प्रवाह तथा उद्धार टोली परिचालन गर्न सकिने व्यवस्था मिलाइएको पाण्डेयले जानकारी दिए ।

विपद् सम्पर्क व्यक्ति पाण्डेयका अनुसार नगरपालिकाले सबै वडामा विपद्का बेला आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गरिसकेको छ । खोज तथा उद्धारलाई प्रभावकारी बनाउन नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई एक-एक थान रबर बोट उपलब्ध गराइएको छ । साथै आपत्कालीन सञ्चालन केन्द्र सञ्चालनमा ल्याइनुका साथै राहत तथा उद्धार सामग्री भण्डारणका लागि गोदामघरको व्यवस्था गरिएको छ ।

विपद्को सामना गर्न नगरपालिकाले ५९ लाख रूपैयाँको विपद् कोष स्थापना गरेको छ । उक्त कोषमा जनप्रतिनिधि र कर्मचारीहरूले एक दिनको पारिश्रमिकस्वरूप एक लाख ७७ हजार ५५५ रूपैयाँ योगदान गरेका छन् । कोषको रकम विपद् प्रतिकार्य, राहत वितरण, क्षतिग्रस्त घर पुनर्निर्माण तथा विपद्पछि फैलिन सक्ने महामारी नियन्त्रणमा खर्च गरिने व्यवस्था मिलाइएको छ ।

उद्धार कार्यलाई थप प्रभावकारी बनाउन २१ दिने तालिमप्राप्त २९ जना स्वयंसेवक समेत तयारी अवस्थामा राखिएको छ । पूर्वसूचना, प्राथमिक उपचार, खोज तथा उद्धारलगायतका टोली गठन गरी प्रतिकार्य योजना कार्यान्वयनमा ल्याइएको बताइएको छ ।

नगरपालिकाभित्र पर्ने नकैया नालामा बाँध निर्माणका साथै अवरुद्ध नाला तथा पानी निकासका संरचनाको सरसफाइलाई तीव्रता दिइएको छ । पाण्डेयका अनुसार होचा स्थानमा बनेका घर र सडक निर्माणसँगै पानीको प्राकृतिक बहाव अवरुद्ध हुनु तथा अधिकांश क्षेत्रमा व्यवस्थित ढल र नगरपालिकाका सबै क्षेत्रमा ड्रेनेज प्रणालीको व्यवस्था नहुनुका कारण सामान्य वर्षामैसमेत डुबानको समस्या देखिने गरेको छ ।

नगरपालिकाले मनसुन अवधिभर सबै सरोकारवाला निकायसँग समन्वय गर्दै सम्भावित विपद्को क्षति न्यूनीकरणका लागि पूर्वतयारीलाई अझ प्रभावकारी बनाउने जनाएको छ । *रासस*

# बर्डफ्लु नियन्त्रणका लागि सतर्कता अपनाउन आग्रह

**कालीकोट (प्रस)–** देशका विभिन्न स्थानमा बर्डफ्लु (एभियन इन्फ्लुएञ्जा) संक्रमण पुष्टि भइरहेका बेला कालीकोटमा उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ । पशु सेवा कार्यालय कालीकोटले बर्डफ्लु नियन्त्रणका लागि सतर्कता अपनाउन आग्रह गरेको हो ।

जिल्लाभित्र कुखुरामा बर्डफ्लु फैलिन सक्ने भएकाले सतर्कताका साथ पूर्वतयारीमा रहन कुखुरापालक किसानलाई अनुरोध गरिएको छ। कुखुरा फार्म, मासु पसल तथा कुखुरापालक किसानलाई रोग नियन्त्रणका लागि पूर्वतयारीमा रहन अनुरोध गरिएको जिल्ला पशु कार्यालयका प्रमुख धनबहादुर महतले जानकारी दिए ।

'हालसम्म जिल्लामा बर्डफ्लुको कुनै शंकास्पद घटना वा संक्रमण पुष्टि भएको छैन,' उनले भने, 'रोग नियन्त्रणका लागि आवश्यक सतर्कता अपनाई सचेतना फैलाउने काम भइरहेको छ ।'

जिल्ला बाहिरबाट जीवित कुखुरा तथा चल्ला भित्र्याउँदा निगरानी बढाउने, फार्ममा जैविक सुरक्षाका मापदण्ड पालना गर्ने, अनावश्यक व्यक्तिलाई प्रवेश नदिने, दाना-पानी सफा राख्ने तथा कुखुराको मासु र अण्डा राम्रोसँग पकाएरमात्र उपभोग गर्न आग्रह गरिएको प्रमुख महतले बताए ।

उनका अनुसार कुखुरामा शंकास्पद लक्षण देखिएमा नजिकको पशु सेवा कार्यालयलाई जानकारी गराउन पनि अनुरोध गरिएको छ ।

# मेरिङ्देनमा 'एक विद्यालय, एक बगैंचा कार्यक्रम'

**ताप्लेजुङ (प्रस)–** ताप्लेजुङको मेरिङ्देन गाउँपालिकाले उत्कृष्ट बगैंचा निर्माण गर्ने तीन विद्यालयलाई पुरस्कृत गर्ने भएको छ । 'एक विद्यालय, एक बगैंचा कार्यक्रम' लागू गरेको गाउँपालिकाले पालिकाभित्रका ३६ वटा सामुदायिक विद्यालयमध्ये उत्कृष्ट तीन विद्यालय छनोट गरी पुरस्कार प्रदान गर्न लागेको हो ।

उक्त कार्यक्रमअन्तर्गत सिंहदेवी आधारभूत विद्यालय, मेरिङ्देन-२, सान्थाक्रा प्रथम भएको छ । यस्तै, चण्डीडाँडा आधारभूत विद्यालय, मेरिङ्देन-४, लिङ्तेप द्वितीय र पृथ्वी माध्यमिक विद्यालय, खाम्लुङ तृतीय भएका छन् ।

छनोट भएका विद्यालयलाई क्रमशः ५० हजार, ३० हजार र २० हजार रूपैयाँबराबरको पुरस्कार प्रदान गरिने गाउँपालिकाले जनाएको छ । उक्त पुरस्कार रकम सम्बन्धित विद्यालयको खातामा कर कट्टी गरी पठाइने छ ।

विद्यालय परिसरलाई आकर्षक, स्वच्छ र हरियाली बनाउने उद्देश्यले गाउँपालिकाले उक्त कार्यक्रम सञ्चालन गरेको अध्यक्ष यूक हा विर हाँगाम् (डम्बर) ले जानकारी दिए ।

# सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सामूहिक दुर्घटना बिमा



**गोरखा–** गोरखाको पालुङटार नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सामूहिक दुर्घटना बिमा गरेको छ । नगरभित्रका विद्यालयमा अध्ययनरत चार हजार ५८२ जना विद्यार्थीको दुर्घटना बिमा गरिएको नगरप्रमुख विवस चिन्तनले जानकारी दिए ।

'विद्यार्थीको स्वास्थ्य सुरक्षा र दुर्घटनाबाट हुनसक्ने आर्थिक जोखिमलाई ध्यानमा राखेर सामूहिक बिमा कार्यक्रम सुरु गरिएको हो,' उनले भने, 'यसबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी लाभान्वित हुने छन् ।'

विद्यार्थीलाई बिमाको दायरामा ल्याउन नगरपालिका र आइजिआई प्रुडेन्सियल इन्स्योरेन्सबीच सम्झौता भएको नगरप्रमुख चिन्तनले बताए । नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सम्भावित दुर्घटना र त्यसबाट पर्नसक्ने आर्थिक जोखिम न्युनीकरणका लागि बिमा कार्यक्रम लागू गरिएको स्पष्ट पारेको छ । यसबाट सामुदयिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन मद्दत पुग्ने नगरप्रमुख चिन्तनको भनाइ छ । *रासस*

# प्रभाव दैनिक


रूपशाला

### 'आ बाट आमा २' असोज ३० मा प्रदर्शन हुने

'आ बाट आमा २' असोज ३० गतेबाट प्रदर्शनमा आउने भएको छ। दसैंको फूलपातीका दिनदेखि देशव्यापी तथा विदेशमा पनि फिल्म प्रदर्शन गर्न लागिएको हो। निर्माण युनिटले वितरकसँगको छलफलमा फिल्मको रिलिज मिति दसैंमा फाइनल भएको जनाएको छ। आर्य इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्मको रिलिज मितिसँगै क्रोएसिया प्रदर्शन अधिकार बिक्री भएको छ। क्रोएसियाका लागि 'नेप इन्टरटेन्मेन्ट' र जाग्रेबस्थित 'बुद्ध मार्ट' ले अधिकार खरिद गरेको हो। फिल्म अब विदेशमा क्रोएसियासँगै अमेरिका, क्यानडा र जापान पनि लाग्नेछ।




शुक्रबार, २६ असार २०८३ (Friday, 10 July 2026)


# 'तिरिमिरी झ्याइँ'को मुहूर्त, कमेडियन सुमन कोइराला हिरोमा डेब्यु गर्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'तिरिमिरी झ्याइँ'को शुभ-मुहूर्त गरिएको छ। बिहीबार कमलादी गणेश मन्दिरमा आयोजित एक कार्यक्रममा फिल्मका कलाकार र प्राविधिकको उपस्थितिमा फिल्मको शुभ-मुहूर्त गरिएको हो। फिल्मको छायांकन यही असार २९ गतेबाट सुरु हुनेछ।

होराइजन मोसन पिक्चर्स प्रालिको ब्यानरमा निर्माण हुन लागेको हास्यव्यंग्यात्मक यो फिल्मबाट कमेडियन सुमन कोइराला हिरोको रूपमा डेब्यु गर्दैछन्। सुमन सहित फिल्ममा धिरेन शाक्य, आभास अधिकारी, सरोज अर्याल, रियर राई, सुरज चौलागाईं, राज न्यौपाने, जय राम ढकाल, पुष्कर खतिवडा, राजश्री थापा, घनश्याम जोशीलगायतका कलाकारहरूको मुख्य अभिनय रहनेछ।

आभास अधिकारीको कथा तथा कन्सेप्टमा तयार हुन लागेको यस फिल्म समीरले निर्देशन गर्दैछन्। मुहूर्त कार्यक्रममा निर्देशक समीरले फिल्म दर्शकलाई सुरुदेखि अन्त्यसम्म हँसाउने निर्माण हुने बताए।

विशाल कक्षपतिको छायांकन, अभिषेक कार्की संगीतकार रहेको फिल्मको गणेश उपाध्याय, प्रेमबहादुर थापा र सुमन कोइरालाले संयुक्त रूपमा पटकथा तथा संवाद तयार पारेका हुन्। यसमा करणबहादुर साउद मुख्य सहायक निर्देशक, निर्मल न्यौपाने प्रोडक्सन म्यानेजर र रबिन काजी शाक्य प्रोडक्सन डिजाइनरका रूपमा रहेका छन्।

प्रदीप लामा र सियोन श्रेष्ठको कोरियोग्राफी, रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट)को पोस्टर तथा पब्लिसिटी डिजाइन, फिल्ममा रहनेछ।

# 'लोकदोहोरी स्टार सिजन–२'को अडिसन सुरू

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाली लोक संगीत क्षेत्रमा नयाँ पुस्ताका प्रतिभावान गायक-गायिकालाई राष्ट्रिय मञ्च प्रदान गर्ने उद्देश्यका साथ आयोजना हुन लागेको रियालिटी शो 'लोक दोहोरी स्टार सिजन-२' को देशव्यापी अडिसन कार्यक्रम सुरु हुने भएको छ।

एभेन्टोज स्टुडियोको आयोजनामा हुन लागेको यो शोका लागि देशका विभिन्न जिल्लामा रहेका मौलिक लोक प्रतिभालाई राष्ट्रिय स्तरको अवसर उपलब्ध गराउने उद्देश्यले यसपटक सातै प्रदेशलाई समेट्ने गरी अडिसन अभियान सञ्चालन गर्न लागिएको हो। शोको निर्णायकमा गायिका कोमल वली र गायकद्वय राजु परियार तथा चन्द्र शर्मा छन्।

आयोजकका अनुसार पहिलो संस्करणको सफलतासँगै दोस्रो संस्करणलाई अझ व्यवस्थित, भव्य र प्रतिस्पर्धात्मक बनाउने तयारी गरिएको छ। जस अनुसार अडिसन कार्यक्रमको सुरुवात असार २७ गते इटहरीबाट हुनेछ। त्यसपछि असार २९ गते चितवन, असार ३१ गते बुटवल, श्रावण १ गते नेपालगञ्ज, श्रावण ४ गते पोखरा तथा श्रावण ८ र ९ गते काठमाडौंमा अडिसन सञ्चालन गरिनेछ।

इटहरीको क्लब के, चितवनको चितवन गार्डेन रिसोर्ट, बुटवलको ग्रीन भ्याली रेस्टुरेन्ट, नेपालगञ्जको होटल बाटिका, पोखराको साइमन पार्टी प्यालेस तथा काठमाडौंको न्युजा पार्टी भेन्यु एन्ड रेस्टुरेन्टलाई अडिसन स्थलका रूपमा चयन गरिएको छ।

प्रतियोगितामा सहभागी हुन कम्तीमा १६ वर्ष उमेर पुगेका नेपाली नागरिकले आवेदन दिन सक्नेछन्। महिला तथा पुरुष दुवैका लागि प्रतियोगिता खुला रहनेछ।

आयोजकले नेपाली लोक संगीतप्रति रुचि र समर्पण भएका, परम्परागत लोक भाका तथा शैलीको राम्रो ज्ञान भएका, स्पष्ट उच्चारणसहित भावपूर्ण प्रस्तुति दिन सक्ने तथा प्रश्न-उत्तर शैलीमा तत्काल दोहोरी सिर्जना गरेर प्रस्तुत गर्न सक्ने प्रतिभालाई प्राथमिकता दिइने जनाएको छ। यो कार्यक्रम एपीवान एचडी टेलिभिजनबाट प्रसारण हुनेछ।

## रंगशाला

# नेपाली महिला यु-१९ टोलीको बिदाइ



**नेपाली टोली**
सोनी पाख्रीन (कप्तान), साना प्रविन, अलिसाकुमारी यादव, सावीत्री धामी, मनीषा उपाध्याय, रचना चौधरी, रिया शर्मा, अनु कडायत, त्रिसना विक, कृस्मा गुरुङ, अन्जी पाठक, मनीषा चौधरी, स्नेहा महरा, करूणा विष्ट

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी यु-१९ महिला प्रिमियर कप खेल्न मलेसिया जाने नेपाली टोलीको बिदाइ भएको छ।

बिहिबार नेपाल क्रिकेट संघ(क्यान) ले एक कार्यक्रमका बीच यु-१९ महिला प्रिमियर कप खेल्न जाने टोलीको बिदाइ गरेको हो। एसियन क्रिकेट काउन्सिल( एसिसी) को आयोजनामा असार २७ बाट सुरु हुने प्रतियोगिताको पहिलो खेलमा नेपालले कतारसँग खेल्नेछ।

दोस्रो खेलमा असार २८ गते सिंगापुरसँग र तेस्रो तथा समूह चरणको अन्तिम खेलमा असार ३० गते हङकङसँग खेल्नेछ। प्रतियोगितामा नेपाल सहित १३ राष्ट्रको सहभागीता रहेको छ। सहभागी १३ राष्ट्रलाई ४ समूहमा विभाजन गरिएको छ।

अन्य समूहमा समान ३३ राष्ट्र रहदा नेपाल रहेको समूह डी मा भने ४ राष्ट्र रहेका छन्।

समूह ए मा थाइल्याण्ड, म्यान्मार र जापान रहँदा समूह बी मा युएई, ओमान र भुटान छन्। समूह सी मा इन्डोनेसिया, मलेसिया र कुवेत तथा नेपाल रहेको समूह डी मा भने हङकङ, सिंगापुर र कतार छन्।

हरेक समूहका शीर्ष दुई मा रहने टोलीले क्वार्टरफाइनलमा स्थान बनाउँने छन्। चार क्वार्टरफाइनलका विजेताका बीचमा सेमिफाइनल खेल हुनेछ। सेमिफाइनलका दुई विजेताका बीचमा साउन २ गते फाइनल खेल हुनेछ।

# एनपिएलका छ फ्रेञ्चाइज टोलीको टाइटल स्पोन्सरमा एक्स्ट्रिम इनर्जी ड्रिंक्स

**काठमाडौं (प्रस)–** एग्रो थाई फुड्स प्रालिद्वारा उत्पादित नेपालको लोकप्रिय ब्रान्ड एक्स्ट्रिम इनर्जी ड्रिंक्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको तेस्रो संस्करणका लागि टाइटल स्पोन्सरसिप सम्झौता गरेको छ।

८ फ्रेन्चाइज टोलीमध्ये ६ फ्रेन्चाइज टोलीसँग एक्स्ट्रिमले टाइटल स्पोन्सरसिप सम्झौता गरेको हो। खेलकुदको व्यावसायिक इतिहासमा निजी क्षेत्रबाट भएको यो सम्भवतः सबैभन्दा ठूलो साझेदारी भएको कम्पनीले उल्लेख गरेको छ। एक्स्ट्रिम इनर्जी ड्रिंक्सले काठमाडौं गोर्खाज, चितवन राइनोज, जनकपुर बोल्ट्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स र लुम्बिनी लायन्ससँग टाइटल स्पोन्सरका रूपमा औपचारिक सम्झौता सम्पन्न गरेको छ।

नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको तेस्रो संस्करणका लागि सोमबार आयोजित एक कार्यक्रममा ६ वटै टोलीका प्रतिनिधि र एग्रो थाई फुड्स प्रालिकी विजनेस हेड सोनिया राणाले सम्झौता पत्रमा हस्ताक्षर गरिन्। सम्झौता पत्रमा उल्लेख भएअनुसार एक्स्ट्रिम इनर्जी ड्रिंक्स सम्बन्धित टोलीको प्रमुख प्रायोजकका रूपमा तिन वर्ष सम्म रहनेछ। भने, टोलीहरूको प्लेइङ जर्सीको अगाडिको प्रमुख स्थानमा एक्स्ट्रिम इनर्जी ड्रिंक्सको लोगो रहनेछ।

कम्पनीका अनुसार यो सहकार्यले नेपाली क्रिकेटको सबैभन्दा ठूलो फ्रेन्चाइज प्रतियोगिता एनपीएलमार्फत ब्रान्डलाई अझ सशक्त रूपमा दर्शकमाझ स्थापित गर्नुका साथै नेपाली क्रिकेटको व्यावसायिक विकासमा समेत योगदान पुर्‍याउने विश्वास लिइएको छ।

कार्यक्रमका प्रमुख अतिथि क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) का अध्यक्ष चतुर बहादुर चन्दले एक्सट्रिम इनर्जी ड्रिंक र एनपीएल फ्रेन्चाइजहरूबीचको सहकार्य नेपाली क्रिकेटको दिगो विकास, खेलाडीहरूको भविष्य उज्ज्वल बनाउन तथा समग्र क्रिकेट संरचनालाई सुदृढ बनाउन महत्वपूर्ण कदम भएको बताए।

कार्यक्रमलाई सम्बोधन गर्दै एग्रो थाई फुड्स प्रालिका नेसनल सेल्स मेनेजर कृष्ण दहालले भनै, 'एनपीएल नेपाली क्रिकेटकै सबैभन्दा ठूलो र प्रतिष्ठित प्रतियोगितामा ६ वटा टोलीसँग टाईटल स्पोन्सरको रूपमा सहकार्य गर्न पाउनु हाम्रा लागि गर्वको कुरा भएको र यो साझेदारी केवल ब्रान्ड प्रचारका लागि मात्र नभएर नेपाली क्रिकेटको दीर्घकालीन विकासका लागि हो।'


## मलेसियामा रोजगार

कम्पनी : SHAPADU SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 334540 | चलानी नं. ६०२४७९५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 34 | 0 | 1700 | ६३,५८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (15th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | रु.२१००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## साउदीमा रोजगार

कम्पनी : KANOLI FOOD INDUSTRIES

पूर्व स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 344663 | चलानी नं. ६०२५७९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Clerk | 3 | 0 | 1000 | ४०,६२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ साउन १ गते (17th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



SYNNET INTERNATIONAL PVT.LTD.
Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

## जापानमा रोजगार

कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 344306 | चलानी नं. ६०२५७९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O | 0 | 4 | 188067 | १,७६,९७० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०३/२४ | LT. No. 344307 | चलानी नं. ६०२५७९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Press Operating Labour | 4 | 0 | 179747 | १,६९,१४१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : LINE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०३/२० | LT. No. 344309 | चलानी नं. ६०२५७८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O | 2 | 0 | 193440 | १,८२,०२६ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : GOOD PARTNER COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०३/२० | LT. No. 344310 | चलानी नं. ६०२५७८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 2 | 0 | 182116 | १,७१,३७० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १ गते (17th Jul. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



Govt. License 1544/078/079
TIRUPATI H.R. SOLUTION (P) LTD
Sinamangal 9, Airport, Kathmandu, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np



चर्को गर्मीबाट बच्न बुधबार अल्जेरियाको अल्जियर्सस्थित समुद्र तटमा जम्मा भएका मानिसहरू । बुधबार यहाँ गर्मीको लहरका कारण तापक्रम ४० डिग्री सेल्सियस नाघेको थियो । *तस्बिरः सिन्ह्वा*

# खामेनीको अन्त्येष्टिमा हजारौं सहभागी

**नजाफ (इराक)–** इरानका दिवंगत सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्त्येष्टि कार्यक्रमअन्तर्गत इराकका पवित्र सहर नजाफ र कर्बलामा बुधबार हजारौं शोकाकुल सहभागी भएका छन् । अत्यधिक भीडका कारण केही समय शवयात्रा अव्यवस्थित बनेपछि शव बोक्ने टोलीले कफिनलाई सुरक्षित राख्न भुइँनजिक झार्नुपरेको थियो ।

फेब्रुअरीको अन्त्यतिर अमेरिका र इजरायलले इरानमाथि गरेको व्यापक आक्रमणमा ८६ वर्षीय खामेनीको मृत्यु भएको थियो । उनी युद्धका क्रममा मारिएका वरिष्ठ इरानी नेतामध्ये एक थिए । उनको अन्त्येष्टिका कारण केही समय रोकिएको अमेरिका-इरान वार्ताबीच पछिल्ला दिनमा पुनः सैन्य तनाव चर्किएको छ । तेहरानले हर्मुज जलघाँटीमा तीन जहाजमाथि आक्रमण गरेको आरोप लगाउँदै अमेरिकी सेनाले बुधबार इरानमा आक्रमण गरेको थियो भने त्यसको जवाफमा इरानले कुवेत र बहराइनस्थित अमेरिकी सैन्य लक्ष्यमा प्रहार गरेको जनाएको छ ।

तेहरानमा शनिबारदेखि सुरु भएको अन्त्येष्टि कार्यक्रमपछि खामेनीको पार्थिव शरीर इराक ल्याइएको हो । विश्वभरका शिया मुस्लिमका लागि अत्यन्त पवित्र मानिने नजाफमा मंगलबार पार्थिव शरीर पुगेपछि हजारौं समर्थकले स्वागत गरेका थिए । इरानी राष्ट्रपति मसुद पेजेस्कियान, विदेशमन्त्री अब्बास अराघची तथा अन्य वरिष्ठ अधिकारीले शवयात्रामा सहभागिता जनाएका थिए । इस्लामिक गणतन्त्रको झण्डाले ढाकिएको काँचको कफिनमा



राखिएको पार्थिव शरीरलाई श्रद्धाञ्जलि दिन समर्थकहरूको ठूलो भीड जुटेको थियो ।

नजाफस्थित इमाम अलीको पवित्र मन्दिरमा वरिष्ठ धर्मगुरु मुहम्मद ताकी अल-हाकिमले अन्त्येष्टि प्रार्थनाको नेतृत्व गरे । कफिन मन्दिरतर्फ लैजाँदा श्रद्धाञ्जलि अर्पण गर्न आतुर भीडले धक्का दिएपछि अवस्था केहीबेर नियन्त्रणबाहिर गएको थियो । कफिन ढल्न सक्ने अवस्था आएपछि शव बोक्ने टोलीले त्यसलाई तल झारेर सुरक्षितरूपमा अगाडि बढाएको थियो ।


अन्त्येष्टिमा सहभागी जाफर जवादले खामेनीको पार्थिव शरीर नजाफ ल्याइनु इराकका लागि ठूलो सम्मान भएको बताउँदै उनीप्रति आफ्नो निष्ठा कायम रहने प्रतिक्रिया दिए । त्यसपछि पार्थिव शरीर कर्बला लगिएको थियो । इमाम हुसेनको समाधिस्थल रहेको कर्बलामा पनि हजारौं समर्थक उपस्थित भएका थिए । इराकका प्रमुख शिया धर्मगुरुका प्रतिनिधि अब्दुल महदी अल-कारबालेईले त्यहाँ अन्त्येष्टि प्रार्थनाको नेतृत्व गरे । यहाँ पनि श्रद्धाञ्जलि दिन भीड अत्यधिक भएपछि कफिन पटक-पटक हल्लिएको थियो । आयोजकहरूले स्थिति नियन्त्रणमा लिन कफिनलाई भुइँमा राखेर श्रद्धाञ्जलिको व्यवस्था मिलाएका थिए ।

यसैबीच, इरानका नयाँ सर्वोच्च नेता आयातोल्लाह मोजताबा खामेनी अन्त्येष्टि कार्यक्रममा सहभागी भएका छैनन् । आफ्ना पिताको ज्यान गएको हवाई आक्रमणमा घाइते भएपछि उनी सुरक्षित स्थानमा रहेको अनुमान गरिएको छ । *रासस/एपी*

# बदामको बटर कला पुनः प्रदर्शनमा

**रोट्टेरडाम (नेदरल्याण्ड्स)–** डच अवधारणात्मक कलाकार विम टी. सिप्पर्सको स्मृतिमा उनको चर्चित कलाकृति 'पिण्डाकासभ्लोर' (बदामको बटर फ्लोर) पुनः नेदरल्याण्ड्सको रोट्टेरडामस्थित म्युजियम बोइजमन्स भ्यान ब्युनिञ्जेनमा प्रदर्शनमा राखिएको छ । शुक्रबारदेखि सुरु हुने दुईमहिने प्रदर्शनीका लागि ८०० पाउण्डभन्दा बढी बदामको बटर प्रयोग गरी संग्रहालयको भुइँमा कलाकृति तयार गरिएको हो ।

त्रियासी वर्षको उमेरमा निधन भएका सिप्पर्सले सन् १९६९ मा पहिलोपटक यो अवधारणात्मक कलाकृति सिर्जना गरेका थिए । परम्परागत कला अवधारणालाई चुनौती दिने उनले काँचका टुक्रा, नुन र अन्य सामग्रीले भुइँ ढाक्ने शृंखलाअन्तर्गत यो कृति बनाएका थिए । उनी डच संस्करणको बाल कार्यक्रम 'सेसमी स्ट्रिट' मा एर्नी र कर्मिट द फ्रग पात्रलाई स्वर दिएका कलाकारका रूपमा पनि परिचित थिए ।



सन् १९९७ मा युट्रेक्टको सेन्ट्रल म्युजियममा दोस्रोपटक प्रदर्शनीमा राखिएको बेला सिप्पर्सले 'हामी सबै यहाँ उभिएर बदामको बटर हेरिरहेका छौं, के यो आफैंमा रोचक होइन र ?' भन्दै यस कृतिको अवधारणाबारे टिप्पणी गरेका थिए ।

यसपटक २५ वर्गमिटर क्षेत्रफलमा फैलिएको षट्कोणाकार कलाकृति तयार गर्न संग्रहालयका दुई कर्मचारीलाई धेरै दिन लागेको थियो । उनीहरूले ड्राइवाल ट्रोवेल प्रयोग गरेर करिब दुई सेन्टिमिटर बाक्लो तहमा बदामको बटर फैलाएका थिए । कलाकारले कृतिको आकार, मोटाइ वा कुन प्रकारको बदामको बटर प्रयोग गर्नुपर्ने भन्ने कुनै निश्चित मापदण्ड तोकेका थिएनन् । यस प्रदर्शनीका लागि डच ब्राण्ड क्याल्भेले चिल्लो बदामको बटर उपलब्ध गराएको संग्रहालयले जनाएको छ ।

खाना विषयक लेखिका तथा फोटोग्राफर मिके वेइसम्यानले सन् १९९७ को प्रदर्शनी सम्झँदै आफूलाई सबैभन्दा बढी संग्रहालयभर फैलिएको बदामको बटरको सुगन्ध याद रहेको बताइन् ।

यसअघि सन् २०११ मा प्रदर्शनीका क्रममा केही आगन्तुक अनजानमै कलाकृतिमाथि हिँडेका थिए । त्यस्तै सन् १९९७ मा केही व्यक्तिले रोटीका स्लाइस र चकलेट स्प्रिंकल्स राखेर कलाकृतिमा हस्तक्षेप गरेका थिए । त्यसबेला पनि सिप्पर्सले त्यसलाई नकारात्मकरूपमा नलिई स्प्रिंकल्स अनुपात मिलाएर राखिएको भन्दै सहज प्रतिक्रिया दिएका थिए । *रासस/एपी*

# हर्मुजमा फेरि अमेरिका-इरान भिडन्त

**तेहरान–** रणनीतिक महत्त्वको हर्मुज जलघाँटीलाई केन्द्र बनाएर अमेरिका र इरानबीच दोस्रो दिन पनि सैन्य आक्रमण र प्रतिआक्रमण जारी रह्यो । समुद्री मार्गको नियन्त्रण, अन्तर्राष्ट्रिय जहाजहरूको आवतजावत तथा क्षेत्रीय सुरक्षालाई लिएर दुवै पक्षबीच तनाव चुलिँदा मध्यपूर्वको सुरक्षा अवस्था थप जटिल बनेको छ ।

अमेरिकी सेनाले हर्मुज जलघाँटीमा अन्तर्राष्ट्रिय जहाजहरूको स्वतन्त्र आवागमनलाई जोखिममा पार्ने इरानको क्षमता कमजोर पार्ने उद्देश्यले पछिल्लो सैन्य कारबाही गरिएको जनाएको छ । अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम) का अनुसार करिब ९० वटा सैन्य लक्ष्यमा आक्रमण गरिएको छ । इरानको उत्तरपूर्वस्थित रेल पुल, तटीय बुसेहरस्थित सैन्य आधार, बन्दर अब्बास, कोणार्क, चाबहार तथा किश टापु आसपासका क्षेत्रमा विष्फोट भएका छन् । केही स्थानमा विद्युत् आपूर्तिसमेत अवरुद्ध भएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स (आइआरजिसी) ले त्यसको प्रत्युत्तरस्वरूप बहराइन र कुवेतस्थित अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरी क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको जनाएको छ । बहराइनको राजधानी मनामामा विष्फोटको आवाज सुनिएको एएफपीका संवाददाताले बताएका छन् भने कुवेतले शत्रुतापूर्ण क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू अवरोध गरिएको जनाएको छ । अमेरिकी अधिकारीका अनुसार इरानको पछिल्लो आक्रमणबाट अमेरिकी पक्षमा कुनै ठूलो क्षति वा मानवीय हताहत भएको छैन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम समाप्त भएको बताउँदै थप वार्ताका लागि ढोका भने खुला रहेको उल्लेख गरेका छन् । उनले ट्रुथ सोसलमार्फत इरानले व्यापारिक जहाजमाथि गरेको आक्रमणको प्रतिशोधस्वरूप अमेरिकी कारबाही गरिएको दाबी गर्दै पुनः यस्ता गतिविधि भए अझ कडा जवाफ दिइने चेतावनी दिए । एयरफोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै उनले इरानी पक्षबाट सम्पर्क भएको दाबी गरे पनि त्यसबारे थप विवरण सार्वजनिक गरेनन् ।

यसैबीच, इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर घालीबाफले हर्मुज जलघाँटी इरानी व्यवस्थाअन्तर्गत मात्र सञ्चालन हुने स्पष्ट पारेका छन् । उनले अमेरिकाले धम्की र प्रतिबद्धता उल्लंघनको परिणाम नहुने ठान्न नहुने चेतावनी दिँदै इरानमाथि आक्रमण भए जवाफ पनि त्यहीअनुसार दिइने बताए ।

फेब्रुअरीमा अमेरिका-इजरायल आक्रमणपछि सुरु भएको युद्धयता इरानले हर्मुज जलघाँटीमाथि नियन्त्रण कायम राख्ने नीति अघि बढाउँदै आएको छ । तेहरानले जलमार्ग प्रयोग गर्ने जहाजबाट शुल्क लिने र तोकिएको मार्गबाट विचलित हुने जहाजमाथि कारबाही गर्ने चेतावनी दिँदै आएको छ । हालैका दिनमा इरानले कम्तीमा तीनवटा जहाजमा आक्रमण गरेको घटनापछि अमेरिकाले व्यापक सैन्य कारबाही थालेको हो ।

पछिल्ला आक्रमणहरू फेब्रुअरी २८ मा युद्धको सुरुआतमै मारिएका इरानका पूर्व सर्वोच्च नेता अली खामेनीको बिहीबार हुने अन्त्येष्टिअघि भएका हुन् । प्रारम्भिक आक्रमणमा दुवै पक्षले दर्जनौं लक्ष्यमा प्रहार गरेको बताएका छन् । इरानी सरकारी टेलिभिजनका अनुसार आठ जना इरानी सैनिक मारिएका छन् भने सेन्टकमले यसअघि ८० भन्दा बढी लक्ष्यमा आक्रमण गरिएको जनाएको थियो ।

क्षेत्रीय तनाव बढिरहेका बेला संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सबै पक्षलाई अधिकतम संयम अपनाउन आग्रह गरेका छन् । अमेरिका-इरान संवादका मध्यस्थकर्तामध्ये एक पाकिस्तानले पनि तनाव नियन्त्रणका लागि कूटनीतिक पहल आवश्यक रहेको जनाएको छ । इरानी विदेशमन्त्री अब्बास अराघची र कतारका प्रधानमन्त्रीबीच भएको टेलिफोन वार्तामा पनि क्षेत्रीय समस्या समाधानका लागि कूटनीतिक माध्यमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको इरानले जनाएको छ ।

हर्मुजको अर्को किनारमा रहेको ओमानले बहराइन, कुवेत तथा व्यापारिक जहाजमाथि भएका आक्रमणको निन्दा गरे पनि कुनै पक्षलाई प्रत्यक्ष दोष दिएको छैन । ओमानले युद्धभरि तटस्थ भूमिका कायम राख्दै जलघाँटीको प्रशासन र समुद्री सुरक्षासम्बन्धी विषयमा वार्तालाई निरन्तरता दिइरहेको छ । अमेरिका जहाजहरूको निःशुल्क आवागमनको पक्षमा रहे पनि इरानले शुल्क प्रणाली लागू गर्नुपर्ने अडान दोहोर्‍याउँदै आएको छ ।

गत महिना अमेरिका र इरानबीच शत्रुता अन्त्य गर्ने सहमतिपछि केही समय समुद्री यातायात पुनः सञ्चालनमा आएको थियो । तर पछिल्लो तनावपछि पुनः जोखिम बढेको छ । अन्तर्राष्ट्रिय समुद्री संगठन (आइएमओ) का प्रमुख आर्सेनियो डोमिंगेजका अनुसार करिब छ हजार नाविक अहिले पनि यस क्षेत्रका विभिन्न जहाजमा फसेका छन् । *रासस/एएफपी*

## इरानद्वारा अमेरिकी आक्रमणकारी कार्यको निन्दा

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राज्य अमेरिकाले बारम्बार गरेका आक्रमणकारी कार्यहरू संयुक्त राष्ट्रसंघको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको विरुद्धमा भएको भन्दै इरानले कडा शब्दमा निन्दा गरेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस र जुलाईका लागि सुरक्षा परिषद्का अध्यक्षलाई सम्बोधन गरेर लेखिएको पत्रमा संयुक्त राष्ट्रसंघका लागि इरानका स्थायी प्रतिनिधि अमिर सइद इरवानीले अमेरिकाले दक्षिणी इरानका प्रतिष्ठानहरूमा पुनः ठूलो मात्रामा सैन्य आक्रमण गरेको बताएका छन् ।

निरन्तर भएका इरान विरोधी आक्रमणका कार्यहरू संयुक्त राष्ट्रको बडापत्रको धारा २ (४) र इस्लामाबाद सम्झौताको अनुच्छेद-१ को विरुद्ध भएको उनले प्रस्ट पारेका छन् । नागरिक सुविधाहरूलाई जानाजानी लक्षित गरी आक्रमण गर्नुका साथै इरानविरुद्ध सैन्य बलको निरन्तर गैरकानुनी प्रयोगले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि गम्भीर खतरा उत्पन्न गरेको विषयमा जोड दिँदै उनले अमेरिकाले अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूको पूर्ण अवहेलना गरेको बताएका छन् ।

अमेरिकाले आफ्नो गैरकानुनी बल प्रयोगबाट उत्पन्न हुने सबै परिणामहरूको पूर्ण जिम्मेवारी वहन गर्नुपर्नेसमेत इरवानीले बताएका छन् । *रासस/सिन्ह्वा*

# भूकम्पपीडित भेनेजुएलाका लागि ३० करोड डलर अपिल

**भेनेजुएला–** विनाशकारी भूकम्पबाट प्रभावित भेनेजुएलामा मृत्यु हुनेको संख्या तीन हजार ८०० नाघेपछि संयुक्त राष्ट्रसंघले राहत तथा पुनःस्थापनाका लागि तत्काल ३० करोड अमेरिकी डलर बराबरको अन्तर्राष्ट्रिय सहयोगको अपिल गरेको छ । भूकम्पका कारण लाखौं नागरिक प्रभावित भएका छन् भने हजारौं अझै बेपत्ता र घरबारविहीन अवस्थामा रहेका छन् ।

संयुक्त राष्ट्रसंघका मानवीय सहायता प्रमुख टम फ्लेचरले दातृ निकायहरूलाई तत्काल सहयोगका लागि आह्वान गर्दै आगामी छ महिनाभित्र १३ लाख प्रभावित नागरिकलाई अत्यावश्यक सहायता उपलब्ध गराउने लक्ष्यसहित प्रारम्भिक चरणमा नौ करोड ६० लाख डलर आवश्यक रहेको बताए । उनले विभिन्न दातृ राष्ट्रले सहयोग सुरु गरिसकेको उल्लेख गर्दै थप अन्तर्राष्ट्रिय समर्थनको आवश्यकता औंल्याए ।

भेनेजुएला सरकारले पनि पुनर्निर्माणका लागि विदेशमा रोक्का गरिएका आफ्ना सम्पत्ति फुकुवा गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेको छ । विदेशमन्त्री यभान गिलले संयुक्त राष्ट्रसंघको बैठकमा भेनेजुएलासँग सम्बन्धित विभिन्न मुलुकमा रोक्का गरिएका कोष पुनर्निर्माणमा प्रयोग गर्न उपलब्ध गराउनुपर्ने बताए । उनका अनुसार ती सम्पत्ति अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण रोक्का भएका हुन् ।



अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजले बेलायतको बैंक अफ इंगल्याण्डमा रहेको करिब ३० टन भेनेजुएली सुन फुकुवा गरिदिन बेलायती राजा चार्ल्स तृतीयलाई पत्र पठाउने निर्णय गरेको जानकारी दिए । उनले उक्त सुन भूकम्पपछिको पुनःस्थापनामा अत्यावश्यक रहेको बताए ।

अमेरिकी सरकारले राहत कार्यलाई सहज बनाउन भेनेजुएलामाथिका केही आर्थिक प्रतिबन्ध चार महिनाका लागि अस्थायी रूपमा हटाएको छ । सन् २०१९ यता लागू गरिएका प्रतिबन्धहरू जनवरीमा राष्ट्रपति निकोलस मदुरो सत्ताच्युत भएपछि क्रमशः खुकुलो पारिँदै आएका छन् । ट्रम्प प्रशासनले अन्तरिम नेतृत्वलाई समर्थन गर्दै विशेषगरी ऊर्जा क्षेत्रको पुनरुत्थानलाई ध्यानमा राखेर प्रतिबन्धमा सहुलियत दिएको छ ।

संयुक्त राष्ट्रसंघका अनुसार जुन २४ मा आएको शक्तिशाली भूकम्पबाट भेनेजुएलाको कूल गार्हस्थ उत्पादन (जिडिपी) को करिब छ प्रतिशतबराबर छ अर्ब ७० करोड अमेरिकी डलरको क्षति पुगेको छ । राजधानी काराकासको अन्तर्राष्ट्रिय विमानस्थलसमेत क्षतिग्रस्त भएकाले व्यावसायिक उडान अझै सञ्चालनमा आउन सकेको छैन ।

७.२ र ७.५ म्याग्निच्युडका दुई शक्तिशाली भूकम्प आएको दुई सातापछि अधिकांश अन्तर्राष्ट्रिय उद्धार टोलीले जीवित व्यक्तिको खोजी अभियान समाप्त गरेका छन् । यद्यपि प्रभावित परिवारहरू अझै पनि भग्नावशेषमा आफन्तको शव खोजिरहेका छन् । सरकारी विवरणअनुसार हालसम्म तीन हजार ८११ जनाको मृत्यु भएको पुष्टि भएको छ भने करिब १७ हजार घाइते भएका छन् । ला गुइरा क्षेत्रमामात्र करिब १८ हजार मानिस घरबारविहीन भएका छन् ।

सबैभन्दा बढी प्रभावित काराबालेडा क्षेत्रमा धेरै परिवार राहत सामग्रीको प्रतीक्षामा खुला स्थानमा बसिरहेका छन् । उनीहरूले सीमित मात्रामा खाद्यान्न, पानी, डायपर र अन्य अत्यावश्यक सामग्री प्राप्त गरेका छन् । समुद्र किनारमा नरिवलको मिठाई बेच्दै आएकी २६ वर्षीया स्टेफनी गारेटले राहतले केही राहत दिएको भए पनि यस्तो अवस्था कति समयसम्म रहने भन्ने अन्योल रहेको बताइन् ।

कत्यसैगरी, ३४ वर्षीया केशकर्त्री जेनेसिस रामिरेज आफ्ना भतिजीहरूको खोजीमा भग्नावशेषमा पुगेकी छन् । एउटै भवनबाट एक बालक जीवित उद्धार गरिएकाले अझै आशा नमरेको उनको भनाइ छ । उनले शव नभेटिएसम्म आफन्त जीवितै हुन सक्ने विश्वास कायम रहेको बताइन् । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४७०० | प्रति तोला – ० | प्रति तोला – ४३४० |



**रोपाइँको चटारो |** दाङको घोराही उपमहानगरपालिका-१६ स्थित तेरौटेमा वर्षा ढिलो हुँदा असारको अन्तिमतिर रोपाईंमा व्यस्त किसान। पर्याप्त वर्षा हुन थालेपछि रोपाइँ गर्ने किसानको चहलपहल बढेको देखिन्छ।

*तस्बिर: कुलदीप न्यौपाने/रासस*

# 'अन्तरदेशीय ऊर्जा कनेक्टिभिटी उच्च प्राथमिकतामा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले नेपालले अन्तरदेशीय ऊर्जा 'कनेक्टिभिटी' मार्फत ऊर्जा व्यापारका लागि छिमेकी राष्ट्रसँग समन्वय र सहकार्य गर्दै आइरहेको बताएका छन्। 'इनर्जी कनेक्टिभिटी इन साउथ एसिया, रिजनल लञ्च इभेन्ट' का अवसरमा मन्त्री श्रेष्ठले अन्तरदेशीय प्रसारणलाइनमार्फत नेपालले भारत र बंगलादेशमा विद्युत् व्यापार गर्दै आइरहेको बताए।

'नेपालले द्विपक्षीय तथा बहुपक्षीय माध्यमबाट भारतको ग्रिड प्रयोग गरी बंगलादेशमा विद्युत् निर्यात गर्दै आइरहेका छौँ', उनले भने, 'अन्तरदेशीय ऊर्जा कनेक्टिभिटी मार्फत नै छिमेकी मुलुकबीच समन्वय र सहकार्य गरी नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्न आवश्यक छ। ऊर्जा कनेक्टिभिटी नेपालको उच्च प्राथमिकतामा छ।'

मन्त्री श्रेष्ठले नेपालले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट क्षमताको जलविद्युत्



आयोजना सम्पन्न गरेर छिमेकी मुलुकमा नवीकरण ऊर्जाको स्रोतको रूपमा रहेको जलविद्युत्बाट उत्पादित विद्युत् निर्यात गर्ने लक्ष्यसहित काम भइरहेको बताए।

'नेपालले अहिले छिमेकी मुलुक भारत तथा चीनसँग सीमा जोडिएका क्षेत्रमा ४०० केभी क्षमताको 'डब्बल सर्किट'का प्रसारणलालाइन निर्माणका योजनालाई अघि बढाइ रहेको छ। प्रसारणलाइन निर्माणले पूर्णता पाएसँगै अन्तरदेशीय विद्युत् व्यापारको सम्भावना र ढोका अझै खुल्नेछ।' नेपालका लागि युरोपियन युनियन (ईयु)का आवासीय राजदूत भेरोनिक लोरेन्जाले ऊर्जा कनेक्टिभिटीमार्फत स्वच्छ ऊर्जाको प्रवर्द्धन गर्ने नीति अघि सार्नुपर्ने बताए। उनले भने, 'युरोपियन मुलुकले अन्तरदेशीय इनर्जी कनेक्टिभिटीहरूको अभ्यास गरिसकेकाले पनि दक्षिण एसियाली मुलुकले पनि युरोपियन अनुभवलाई कार्यान्वयन गर्दा प्रभावकारी हुने देखिन्छ।'

जलवायु परिवर्तनसँग जुध्न पनि स्वच्छ ऊर्जा प्रवर्द्धन गर्नुको विकल्प नरहेको उल्लेख गर्दै उनले दक्षिण एसियाली मुलुकले पनि हरित ऊर्जातर्फ अघि बढ्नुपर्ने बेला भइसकेको बताए। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले स्वच्छ ऊर्जा प्रवर्द्धन र अन्तरदेशीय कनेक्टिभिटी बढाउनका लागि विभिन्न मुलुकहरूबीच सहकार्य र समन्वयको आवश्यकता रहेको औँल्याइन्।

उनले अन्तरदेशीय विद्युत् व्यापारलाई अझ व्यवस्थित र सरलीकृत गर्न आवश्यक रहेको बताइन्। फ्लोरेन्स स्कुल अफ रेगुलेसनका कार्यकारी उपनिर्देशक अल्बर्टो पोटोत्सिर्गले अन्तरदेशीय विद्युत् व्यापारको कारणले सहुलियत तथा सस्तो मूल्यमा एक-अर्को मुलुकलाई विद्युत् व्यापार गर्ने वातावरण बन्ने बताए।

# निर्माण क्षेत्रका समस्या समाधान गर्ने प्रधानमन्त्री शाहको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले निर्माण क्षेत्रका समस्या, यसको प्रवर्द्धन, भौतिक पूर्वाधार विकास, लगानी वातावरण तथा आर्थिक सुधारका सम्बन्धमा बिहीबार निर्माण-व्यवसायीसँग छलफल गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीसँग भएको छलफलमा प्रधानमन्त्री शाहले निर्माण क्षेत्र मुलुकको आर्थिक विकास, रोजगारी सिर्जना र पूर्वाधार निर्माणको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै यस क्षेत्रका समस्याको समाधानका लागि सरकार सकारात्मक रहेको बताए।

प्रधानमन्त्रीले निर्माण व्यवसायलाई मर्यादित, पारदर्शी, जिम्मेवार र परिणाममुखी बनाउँदै विकास-निर्माणका कामलाई निर्धारित समयमाल सम्पन्न गर्न सबै पक्षको सक्रिय सहकार्य आवश्यक भएकामा जोड दिए।

छलफलमा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष निकोलश पाण्डे, वरिष्ठ उपाध्यक्ष मुकेश पन्त, महासचिव शिवहरि घिमिरे, बागमती प्रदेशका उपाध्यक्ष बालकृष्ण थापा तथा महासंघका पूर्वअध्यक्ष एवं सल्लाहकार जयराम लामिछाने सहभागी थिए।

उनीहरूले निर्माण क्षेत्रले भोग्दै आएका भुक्तानी, म्याद थप, ठेक्का व्यवस्थापन, समयमा आयोजना कार्यान्वयन, मूल्य समायोजन, बैंकिङ तथा लगानीसम्बन्धी चुनौतीबारे प्रधानमन्त्री शाहलाई जानकारी गराए। साथै, निर्माण उद्योगलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने बताए।

# नेप्से परिसूचक १९ अंकले घट्यो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार दोहोरो अंकले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १९ दशमलव ६७ अंकले ओरालो लागेर दुई हजार ६०१ दशमलव ९२ को विन्दुमा पुगेको हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ४९ अंकले ओरालो लागेर चार सय ५४ दशमलव १९ मा पुगेको छ। त्यस्तै फ्लोट सूचक एक दशमलव २१ अंकले घटेर एक सय ७८ दशमलव ६८ मा पुगेको छ। साथै सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ९२ अंकले घटेर एक सय ५३ दशमलव ६७ मा पुगेको छ।

विभिन्न कम्पनीका ८७ लाख ५१ हजार ३८० कित्ता सेयर रु चार अर्ब ६१ करोड १९ लाख ५४ हजार ७८२ मूल्यमा खरिद बिक्री भएको छ।१३ वटै उपसमूह घटेका छन्। ४२ कम्पनीको सेयर मूल्य बढ्यो भने दुई सय २९ कम्पनीको सेयर घटेको छ। नेप्सेका अनुसार उपकार लघुवित्त वित्तीय संस्था, स्नो रिभर लिमिटेड र कुमारी सबल योजनाका लगानीकर्ताले कमाएका छन् भने विओके डिबेञ्चर, सल्पा विकास बैंक, थ्रिस्टार हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

# 'रासायनिक मलका लागि हरसम्भव प्रयासरत छौं

**काठमाडौं (प्रस)–** कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले बाली लगाउने मुख्य याममा किसानले समयमै रासायनिक मल पाऊन् भन्ने उद्देश्यका साथ मन्त्रालय हरसम्भव प्रयासरत रहेको बताएकी छन्।

मन्त्रालयको नेतृत्व सम्हालेको सय दिन पूरा भएको अवसरमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री चौधरीले मल आपूर्ति, वितरण प्रणाली, किसानका गुनासा तथा देशभरबाट प्राप्त सूचनाको प्रत्यक्ष निगरानी भइरहेको जानकारी दिइन्।

'मलको कृत्रिम अभाव, कालोबजारी र बिचौलियाको चलखेल रोक्न छड्के अनुगमन तथा 'स्टिङ' अपरेसनको अघि बढाएका छौँ', उनले भनिन्, 'किसानका गुनासा तत्काल सुन्ने, सम्बन्धित निकायलाई निर्देशन दिने र समस्या शीघ्र समाधान गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेका छौँ।'

आर्थिक वर्ष २०८२/८३ मा चैतदेखि हालसम्म कृषि सामग्री कम्पनी लिमिटेडबाट ५३ हजार ७१६.४५ मेट्रिकटन तथा साल्टट्रेडिङ कर्पोरेसनबाट ३५ हजार ४७८.१० मेट्रिकटन अनुदानित रासायनिक मल बिक्रीवितरण गरिएको मन्त्री चौधरीले जानकारी दिइन्।

साथै, दुवै कम्पनीबाट गत चैतयता तीन लाख ५० हजार मेट्रिकटन (जिटुजीको ५० हजार मेट्रिकटनसमेत) बोलपत्र आह्वान गरिएको छ। आगामी साउन महिनाभित्र थप दुई लाख १० हजार मेट्रिकटन रासायनिक मल आयात गरी किसानलाई थप वितरण गर्ने प्रकिया अगाडि बढाइएको उनले बताइन्।

कार्यक्रममा सचिव डा. राजेन्द्रप्रसाद मिश्रले चालु आवमा १३ चिनी मिलमा उखु क्रसिङ गराएका करिब ६८ हजार किसानहरूलाई नेपाल सरकारले तोकेको खरिद मूल्य रु ६२० प्रतिक्विन्टलअनुसार मिलले भुक्तानी गर्नुपर्ने रु दुई करोड २१ लाख क्विन्टलबापतको रकम रु १३ अर्ब ७६ करोड भुक्तानीमा सहजीकरण भई हालसम्म भुक्तानी गरिनुपर्ने रकमको करिब ९२ प्रतिशत मिलबाट भुक्तानी भइसकेको जानकारी दिए। बाँकी किसानको पनि खातामा देखिएको समस्या सम्बोधन गरी भुक्तानीका क्रममा रहेको र केही दिनभित्रै शतप्रतिशत भुक्तानी हुने उनले बताए।

# राष्ट्रिय वाणिज्य बैंकको वित्तीय सूचक सकारात्मक

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकमा सबैभन्दा बढी सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले पछिल्लो पाँच वर्षमा व्यावसायिक विस्तार, निक्षेप संकलन, बजार हिस्सा वृद्धि तथा ग्राहक सेवाको गुणस्तर अभिवृद्धिमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ।

चुनौतीपूर्ण आर्थिक परिवेशका बीच बैंकले वित्तीय अनुशासन, जिम्मेवार बैंकिङ अभ्यास तथा जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राख्दै व्यावसायिक आधारलाई थप सुदृढ बनाउँदै लगेको बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बताए। उनका अनुसार अघिल्लो आवमा रु पाँच खर्ब तीन अर्ब रहेको निक्षेप यस आवको हालसम्म रु छ खर्ब २६ अर्ब पुगेको छ। जुन अघिल्लो आवको तुलनामा करिब रु १२३ अर्ब अर्थात् करिब २४ प्रतिशतले बढी रहेको छ।

यस अवधिमा त्यस बैंकको निक्षेप समग्र बैंकिङ उद्योगको हिस्सामा ७.५९ प्रतिशत पुगेको छ। बैंकले यस आवको चैत मसान्तसम्म रु तीन खर्ब ३९ अर्ब कर्जा विस्तार गरेको छ। प्रमुख कार्यकारी अधिकृत खनालका अनुसार, आव २०७८/७९ मा बैंकिङ क्षेत्रको कर्जामा ४.८१ प्रतिशत बजार हिस्सा ओगटेको बैंकले आव २०८२/८३ चैत मसान्तसम्म आइपुग्दा ५.७४ प्रतिशत बजार हिस्सा कायम गर्न सफल भएको छ। बैंकले पछिल्लो समय समग्र बैकिङ बजारमा आफ्नो हिस्सा बढाउँदै गएको छ।

समग्र अर्थतन्त्रमा कर्जाको मागमा उत्साह नभएको हालको अवस्थामा पनि बैंकले समग्र बैंकिङ उद्योगको तुलनामा उच्च कर्जा वृद्धि गर्न सफल भएको छ।

प्रमुख कार्यकारी अधिकृत खनालले चालु आवको तेस्रो त्रैमाससम्ममा बैंकले वार्षिक १३.२६ प्रतिशतको कर्जा वृद्धि गर्दै कुल रु तीन खर्ब ३९ अर्ब कर्जा प्रवाह गरेको जानकारी दिए।

उनले भने, 'सोही अवधिमा वाणिज्य बैंकहरूको कर्जा वृद्धि रु २७७ अर्ब भई ७.४३ प्रतिशतको वार्षिक कर्जा वृद्धि गरी कुल रु ५२ खर्ब ५१ अर्ब मात्र कर्जा प्रवाह गरेका छन्।'

बैंकको व्यवसाय वृद्धि सँगसँगै सेयर मूल्यमा पनि वाणिज्य बैंकले सुधार गरिरहेको छ। विसं २०८२ चैत मसान्तमा बैंकको किताबी मूल्य बढेर रु ३५१/९८ प्रति सेयर पुगेको र प्रतिसेयर आम्दानी रु २३/५५ पुगेको बैंकले जनाएको छ। समयसापेक्ष ग्राहकको मागबमोजिम परिस्कृत रूपमा सेवा प्रवाह र सुविधा प्रदान गर्दै आएको सो बैंकले गत चैत मसान्तसम्म रु दुई अर्ब ७६ करोड खुद नाफा आर्जन गर्न सफल भएको छ।

चैत मसान्तसम्म समग्र बैंकिङ क्षेत्रमा रहेको निष्क्रिय कर्जाको तुलनामा राष्ट्रिय वाणिज्य बैंकले निष्क्रिय कर्जा कम गर्न सफल भएको छ। प्रमुख कार्यकारी अधिकृत खनालले समग्र बैंकिङ क्षेत्रमा रहेको निष्क्रिय कर्जा ५.२५ प्रतिशत रहेकामा त्यस बैंकको निष्क्रिय कर्जा ४.४८ प्रतिशत रहनु बैंकका लागि सकारात्मक पक्ष रहेको बताए। खराब कर्जालाई निरन्तर घटाउँदै लैजाने बैंक व्यवस्थापनले रणनीतिक योजना बनाई कार्य गरिरहको उनले स्पष्ट पारे।

विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरूरी सूचना

यस प्रभाव राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानीका लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८३ असार ३० गतेभित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक